# साप्ताहिक पत्रिकामा एकपक्षीय सामाग्रीको प्रचार

त्रिभुवन विश्वविद्यालय मानमिकी तथा समाजशास्त्र संकाय
पत्रकारिता तथा आमसञ्चार केन्द्रिय विभाग
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाण्डौ

स्नातकोत्तर दोश्रो तहका लागि
शोधपत्र
२०७०

प्रस्तुतकर्ता
सुमन श्रेष्ठ
रोल नं.४३
परीक्षा सिम्बल नं.४००९७१
त्रि.वि. रजिष्ट्रेशन नं. ६-१-४०-१५२०-९८

# मन्तव्य

कुनै पनि अध्ययन र अनुसन्धान र अनुसन्धान एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्दैन । यस शोधकार्य पूरा गर्ने क्रममा मैले विभिन्न व्यक्तित्वहरुको सहयोग र सुझाव पाएँ । जसमा यस शोधका निर्देशकको महत्वपूर्ण भूमिका र मार्गनिर्देश रह्यो । जसका लागि मेरा गुरु तथा यस शोधकार्यका निर्देशक ऋषिकेश दाहालप्रति कृतज्ञता व्यक्त गर्दछु । कार्य व्यस्तताको बावजुद उहाँले अध्ययनको सिलसिलामा दिनुभएको निर्देशन, सुझाव तथा प्रोत्साहन मेरा लागि सदा स्मरणिय रहनेछ जसले भोलिको दिनमा यस प्रकारका अन्य कुनै अध्ययन तथा अनुसन्धान गर्न थप ऊर्जा मिल्नेछ ।

त्यस्तै आमसञ्चार तथा पत्रकारिता विषयको अध्ययन प्रारम्भ गर्दा देखि आजसम्म सधैं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु हुने त्रिभुवन विश्वविद्यालय आमसञ्चार तथा पत्रकारिता केन्द्रिय विभागका प्राध्यापकह लालदेउसा राई, प्रवलराज पोखरेल, चिरञ्जीवि खनाल, बद्री पौड्याल प्रति पनि आभारी छु ।

यस शोधकार्यका लागि आवश्यक पर्ने सूचना र जानकारी जुटाउन सहयोग गर्नु हुने मार्टिन चौतारी, प्रेस काउन्सिलका गोकुल सर, देशान्तर साप्ताहिकका प्रधान सम्पादक कविर राणा, छलफल साप्ताहिकका प्रधान सम्पादक गोपाल प्रसाद थपलिया, जनादेश साप्ताहिकका सम्पादक मनऋषि धिताल तथा यस कार्यलाई सफल पार्न सहयोग गर्ने स्थानिय पत्रपत्रिकाका सम्पादक र पत्रकार बन्धुहरु प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा शोधपत्रलाई सफल पार्न कम्प्युटर टाइप र सेटिङ्गमा सहयोग गर्ने जेनियम कम्प्युटरका लक्ष्मी केशरी भासिंक प्रति पनि आभारी छु ।

**सुमन श्रेष्ठ**

# विषय सूची

**अध्याय एक**
१. पृष्ठभूमी १
१.१ नेपालमा पत्रकारिताको विकास १
१.२ साप्ताहिक र राजनीतिक पत्रकारिताको उदय ८
१.३ समस्या कथन १५
१.४ अध्ययनको उद्देश्यहरु १६
१.५ अध्ययनको महत्व १६
**अध्याय दुई**
२. सदर्न्भ सामाग्रीको पुनरावलोकन १७
२.१ एक पक्षीय प्रचार बारे २३
२.२ एक पक्षीय प्रचार र वस्तुनिष्ठता २५
२.३ छापामा एक पक्षीय प्रचार २६
२.४ सैद्धान्तिक पक्ष २८
**अध्याय तीन**
३. अनुसन्धान विधि ३०
३.१ अध्ययनको सिमा ३०
३.२ शोधको संगठन ३१
**अध्याय चार**
४. विषय वस्तु विश्लेषण ३२
४.१ साप्ताहिक पत्रिकाको छुट्टाछुट्टै विश्लेषण ३२
४.२ साप्ताहिक पत्रिकाको समग्र विश्लेषण ४१
४.३ देशान्तर साप्ताहिक ४४
४.४ जनादेश साप्ताहिक ४८
४.५ छलफल साप्ताहिक ५२
४.६ समग्रमा ५६
**अध्याय पाँच**
५. निष्कर्ष / सुझावहरु ५८
५.१ निष्कर्ष ५८
५.२ सुझावहरु ५९
**सन्दर्भ सामाग्री** ६२

# अध्याय - १

## १. पृष्ठभूमि

### १.१ नेपालमा पत्रकारिताको विकास

वि.सं.१९०८मा बेलायतबाट फर्कदा तत्कालिन राणा प्रधानमन्त्री जंगबहादुर राणाले पहिलोपटक नेपालमा छापाखाना 'प्रेस' भित्राएका थिए । छापाखाना सम्बन्धी नेपालको इतिहासमा जंगबहादुरले ल्याएको त्यही प्रेस मेसिनलाई 'गिद्धे प्रेस'का नामले चिनिन्छ र उक्त छापाखाना थापथलीमा स्थापना गरिएको थियो । यसबाट नै नेपालमा सरकारी सूचना, ऐन तथा धार्मिक लगायतका पुस्तकहरु छापिन थालेका हुन् । उक्त प्रेस स्थापना भएको ४७ वर्षपश्चात मात्रै नेपालमा पहिलो पत्रिकाको रुपमा *सुधासागर* मासिक प्रकाशित भयो । यो नै नेपाली भाषामा नेपालबाट प्रकाशित पहिलो पत्रिका हो । यद्यपि यसअघि वि.स. १९४५ मा मोतिराम भट्टले भारतको बनारसबाट प्रकाशित गरेको *गोर्खा भारत जीवन*लाई नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रुपमा लिइन्छ । वि.स. १९५६ मा काठमाडौंबाट *सुधासागर*को प्रकाशन भइरहेकै बखत बनारसबाट मासिक रुपमा *उपन्यास तरंगिणी* नामक साहित्यिक पत्रिका प्रकाशित भयो । तर यो पत्रिका केही अंक प्रकाशित भएपछि बन्द भयो । त्यही समयमा देहरादुनमा *जागृत गोर्खा* नामक त्रैमासिक पत्रिका प्रकाशित भयो । वि.स. १९५८ मा दार्जिलिङबाट *गोर्खेखबर कागज*को प्रकाशन सुरु भयो । यसलाई दार्जिलिङबाट नेपाली भाषाको पत्रिकाको प्रारम्भविन्दु मान्न सकिन्छ । *गोर्खे खबर कागज* ४० वर्षसम्म लगातार प्रकाशित भएर वि.स. १९९८ मा बन्द भएको थियो । यता नेपालमा भने *सुधासागर* प्रकाशित भएको तीन वर्षपछि सरकारकै सक्रियतामा साप्ताहिक रुपमा *गोर्खापत्र* प्रकाशित भयो । (खरेल २००३) त्यतिखेर साप्ताहिक रुपमा प्रकाशित त्यही *गोर्खापत्र* २०१७ फागुन ७ देखि दैनिक रुपमा प्रकाशित भएको हो । वर्तमान अवस्थामा पहिलाको त्यही *गोर्खापत्र गोरखापत्र*को नामले दैनिक रुपमा प्रकाशित हुँदै आएको छ । (देवकोटा, ०५९, ३८)

*सुधासागर* मासिक पत्रिका प्रकाशित भएको करिब दुई वर्ष दश महिनापछि वि.स.१९५८ बैशाख २४ गते सोमबार (1901 May 06) को दिन नेपालबाट निस्केको पत्रिकामा माइलो भई *गोरखापत्र* जन्मियो । पत्रिकाको लहरमा यो दोश्रो पत्रिका भएता पनि नेपाली माटोमा समाचारपत्रको रुपमा उम्रेका विरुवाहरुमा यसलाई जेठो मान्नुपर्छ । श्री नरदेव मोतिकृष्ण शर्माद्वारा श्री पशुपतप्रेस ठहिटी नेपालमा छापिई भर्खर निस्कदाँ सात सात दिनमा प्रत्येक सोमबारको दिन यसलाई भेट्न सकिन्थ्यो । (देवकोटा, ०५९ , २९)

बनारसमा रहेका नेपालीहरुले साहित्यिक पत्रकारिताको थालनी गर्ने क्रममा वि.स.१९६३ मा *सुन्दरी* नामक साहित्यिक मासिक पत्रिकाको सुरुवात गरे । १८ महिनापश्चात नै यो पत्रिका बन्द भयो । यो पत्रिका बन्द भए लगत्तै *माधवी* नामक साहित्यिक मासिकको प्रकाशन सुरु भयो । यो पत्रिका पनि लामो समयसम्म टिक्न सकेन । पत्रिका प्रकाशन सुरु भएको आठ महिना पछि नै बन्द भयो । (पाण्डे, २०५५,५)

वि.स. १९७० को दशक नेपाली पत्रकारितामा महत्वपूर्ण मानिन्छ । यो अवधिमा प्रवासबाट *चन्द्र गोर्खाली, चन्द्रिका, जन्मभूमि* जस्ता पत्रिकाहरु प्रकाशित भए । दार्जिलिङबाट प्रकाशित हुने *गोर्खाली*को मुख्य उद्देश्य चन्द्रशमशेरको निरंकुशताको विरोध गर्नु थियो । *गोर्खाली*को प्रभाव कम गर्न असफल भएपश्चात चन्द्रशमसेरले अंग्रेज सरकारसँग अनुरोध गरेर एक वर्षपछि *गोर्खाली* बन्द गराए । नेपाली पत्रकारितामा सरकारी 'कु' को सिकार हुने पहिलो पत्रिकाको उदाहरण *गोर्खाली* नै थियो भनेर पाण्डेले उल्लेख गरेका छन् । (पाण्डे, २०५५,५)

देहरादुनबाट ठाकुर चन्दन सिंहले वि.सं. १९८२ मा *गोरखासंसार* प्रकाशित गरे भने अर्को वर्ष *हिमालय टाइम्स* नामक अँग्रेजी साप्ताहिकको प्रकाशन सुरु गरे । *हिमालय टाइम्स*मा *गोरखा संसार*कै समाचारका सारांसहरुको अंग्रेजी उल्था प्रकाशित हुन्थ्यो । पछि उनले चन्द्रशम्शेरका प्रलोभनका कारण यी पत्रिकाको प्रकाशन बन्द गरे । "नेपाली पत्रकारिताको इतिहासमा सरकारले पत्रकारहरुलाई प्रलोभन दिएर आफ्नो पक्षमा गराएको यो नै पहिलो घटना थियो ।" (मिडिया अध्ययन,२)   यही समयमा बनारसबाट *राजभक्ति,* दार्जिलिङबाट *आदर्श,* मासिक प्रकाशित भएका थिए ।

नेपालमा भने वि.स. १९८० को दशकसम्म आइपुग्दा पनि *गोर्खापत्र* बाहेक अर्को अखबार थिएन । *गोर्खापत्र* बाहेक नेपालबाट प्रकाशित हुने अरु नेपाली पत्रिका पढ्नका लागि १९९० को दशक पर्खिनुपर्‍यो । वि.स. १९९१ को फागुन महिनामा *शारदा* साहित्यिक मासिकको प्रकाशन सुरु भयो । साहित्यिक पत्रिका भएतापनि तत्कालिन नेपालको राजनैतिक तथा सामाजिक परिवेशलाई उद्घाटन गर्न *शारदा*को अहम् भूमिका रहेको छ । यो पत्रिका २७ वर्षसम्म निरन्तर चलेपश्चात बन्द भयो । १९९२ भदौदेखि *उद्योग* नामक पाक्षिक पत्रिकाको प्रकाशन सुरु भयो । प्रवासबाट पनि पत्रिकाहरु प्रकाशित भइरहेका थिए । वि.स. १९९२ मा सिलोङ्गबाट *गोरखा सेवक,* १९९३ मा बनारसबाट *उदय* मासिक जस्ता पत्रिकाहरु प्रकाशित भएता पनि यी पत्रिकाहरु छोटो समयमै बन्द हुन पुगे ।

वि.स. २००० सालसम्म साहित्यिक पत्रिकाहरु मात्रै प्रकाशित थिए । एकतन्त्रीय जहाँनिया राणाशासनका कारण राजनीतिक विचारप्रधान पत्रिकाहरु खासै मात्रामा प्रकाशित हुन सकिरहेका थिएनन् । प्रवासबाट विस्तारै राणाविरोधी पत्रिकाहरुको प्रकाशन आरम्भ हुन थालेको थियो । यही क्रममा वि.स. २००४ सालमा बनारसबाट *युगवाणी* प्रकाशित भयो, जसले राणाशासनविरुद्धका राजनीतिक लेखहरुलाई प्रमुखताका साथ छाप्ने गर्दथ्यो । वि.सं. २००५ साल कात्तिकदेखि कलकत्ताबाट प्रकाशित *नेपाल पुकार* पनि राणाशासनकोविरुद्ध देखापर्‍यो । नेपाली पत्रकारिताको इतिहासमा क्रान्तिलाई सफल पार्न यी दुवै पत्रिकाहरुको उल्लेखनीय योगदान रहेको छ ।

राणाशासनको आखिरी समयताका चाहिँ नेपालबाटै पनि राजनीतिक विषयलाई समावेश गरिएका पत्रिकाहरु प्रकाशित हुन थालेका थिए । वि.स. २००७ साल फागुन ४ गतेदेखि *जागरण* साप्ताहिक प्रकाशित भयो । त्यसको केही दिनमा नै नेपालमा प्रजातन्त्रको स्थापना भयो । तत्पश्चात् पत्रपत्रिकाहरुको प्रकाशनमा बाढी नै आयो । प्रजातन्त्रको स्थापना भएको भोलिपल्ट ८ फागुन २००७ देखि *आवाज* दैनिकको सुरुवात भएको थियो ।

वि.सं. २०११ सालमा पशुपतिदेव पाण्डेको सम्पादनमा *समाज* दैनिक प्रकाशन सुरु भयो । यसै कालखण्डमा *सन्देश, दैनिक समाचार, नेपाली समाचार, जय नेपाल, नेपाल भाषा, नेपाल टाइम्स, द कमनर, समय हालखर, एभरेष्ट न्युज, सही सन्देश, सत्याग्रह, दियालो, पासा, गोरेटो, भूगोलपार्क, नयाँ समाज, स्वतन्त्र समाचार, जनमत, डेली मिरर, जनता, मदरल्याण्ड, तरंग, राँको,*

*झिल्को, राष्ट्रवाणी, आलोक, सही रस्ता, युगदुत* जस्ता पत्रपत्रिकाहरु प्रकाशित भए । यी पत्रिकाहरु कुनै न कुनै रुपमा राजनीतिक पार्टीसँग सम्बन्धित थिए ।

वि.स. २००७ देखि २०१७ सालसम्मको प्रकाशनका गतिविधि राजनीतिक पार्टीसँग प्रत्यक्ष सम्बन्धित हुन पुग्यो । प्रकाशनहरु कुनै न कुनै राजनीतिक दलको मुखपत्रको रुपमा बजारमा देखिन थाले । कुनै कम्युनिष्ट पार्टीको प्रखर मुखपत्रको रुपमा आउन थाले । अधिकांश समाचारपत्रहरुले नेपाली कांग्रेसको वकालत गर्नमा आफूलाई सबल देखाउन थाले । त्यस्तै स-साना पार्टीहरुले पनि आफ्नो प्रचार माध्यम मुखपत्रको रुपमा प्रकाशनलाई बनाउन नसके पार्टीको अस्तित्व नै समाप्त हुने अनुभव गर्न थाले र प्रकाशन दर्ता गरी प्रचार गर्न सुरु गरे । (बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४ , ८०)

वि.स. २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् प्रकाशनको क्षेत्रमा पनि परिवर्तन देखापऱ्यो । राजनीतिक विविधताको विषयवस्तु एकीकृत हुन पुग्यो । पञ्चायत व्यवस्थालाई आघात पुऱ्याउने कुनै पनि बास्तविक चिजहरु प्रेसमा आउन नसक्ने कानुनी प्रावधान राखिए । यसले गर्दा प्रेसको भूमिका साँघुरिएन मात्रै, कतिपय पंचायतविरोधी विचारधाराका पत्रिकाहरुमाथि प्रतिबन्ध नै लगाइयो । “राजनीतिक उद्देश्यले प्रकाशित पत्रपत्रिका तथा पार्टीका मुखपत्र वि.स. २०१७ साल पुस १ गतेदेखि बन्द गरिए” (पाण्डे, २०५५ : ४७) । त्यसैले यस अवधिमा राजनीतिक पत्रपत्रिका भन्दा पनि साहित्यिक पत्रपत्रिकाहरु बढी प्रकाशित भए । त्यतिखेर *नेपाली रुपरेखा, स्वास्नीमान्छे, साहित्य, धरती, रचना, मुकुट, सिंहनाद, बगैंचा, विहान, भानु, रत्नश्री, अरुणोदय, फूलपाती, पूर्णिमा* जस्ता साहित्यिक पत्रिकाहरु थिए । २०१७ सालदेखि २०३६ सालसम्मको अवधिमा निरंकुश पंचायती व्यवस्थाका कारण राजनीतिकभन्दा साहित्यिक पत्रपत्रिकाहरुकै बाहुल्यता कायम रह्यो । राजनीतिक विषयबस्तु समेटिएका पत्रपत्रिकाहरु पनि पंचायतको गुणगान गाउनमा मात्रै सीमित थिए । (मिडिया अध्ययन,२)

वि.स. २०३६ सालको जनमतसंग्रहका लागि जारी गरिएको शाही घोषणापश्चात चाहिं नेपाली पत्रकारिता नयाँ चरणमा प्रवेश गऱ्यो । छापाखाना र प्रकाशन व्यवस्था सम्बन्धी विद्यमान बन्देजात्मक ऐन कानुनहरु निष्क्रिय भए । जनमतसंग्रहको घोषणालाई प्रचार प्रसारका लागि छुट दिने व्यवस्था गरियो । ‘वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७’ को दफा ३ (१) मै उल्लेख

गरियो, "कसैले आमसभा, जुलुस तथा प्रदर्शन गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँ र समयमा बाहेक अन्य ठाउँ र समयमा आमसभा, जुलुस वा प्रदर्शन गर्न पाउनेछ " त्यस्तै सोही ऐनको दफा ३ (२) मा "कसैले पोस्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्दा वा भित्तामा लेख्नेजस्तो काम गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँमा बाहेक अन्य ठाउँमा टाँस्न वा लेख्ने काम गर्न पाउनेछ" (प्रेस काउन्सिल नेपाल, ०४९ , १९९) भन्ने उल्लेख गरियो । ऐनमा व्यक्त गरिएका यस्ता प्रावधानहरुकाकारण नेपाली पत्रकारिताले केही खुला वातावरणको अनुभव गरेको थियो । त्यसैले कतिपय पत्रिकाहरुले प्रष्ट रुपमा प्रजातान्त्रिक परिवर्तनको पक्षमा वकालत गर्न थाले भने केही पत्रिका पंचायती व्यवस्थाकै पक्षमा समेत उभिएका थिए । त्यतिखेर पंचायती व्यवस्थाका हिमायती र बहुदलीय शासन व्यवस्थाका पक्षधर प्रकाशनहरुबीच जुहारी नै चलेको थियो । "जनमत संग्रहपछि नेपालमा प्रकाशनहरु स्पष्टतः दुई रेखामा विभाजित भएका थिए । पहिलो रेखामा जो पंचायतको पक्षमा वकालत गर्दथे । दोस्रो रेखामा विभाजित बनेका प्रकाशनहरु जनमत संग्रहको समयमा खुलेर अभ्यास गर्न पाएको अवसर चुकाउन चाहँदैनथे ।" (राई, खरेल, खनाल, २०५४,८२)

नेपाली पत्रकारिताले केही मात्रामा खुला वातावरणको अनुभव गरिरहेको यस समयमा प्रकाशन दर्ता गराउने होडबाजी नै चल्यो । तर, प्रकाशन दर्ता गराउनेसँगै केही अंक निकालेर बन्द गर्नेहरुको संख्या पनि उल्लेखनीय नै रह्यो । यो प्रवृत्ति २०३७ सालको जनमतसंग्रहसम्म रह्यो । जनमतसंग्रहपश्चात् पनि पत्रपत्रिकाहरु राजनीतिक रुपमा विभाजित नै देखिए । केहीले पंचायती व्यवस्थाको समर्थन गरे त केही पत्रपत्रिकाहरु यसको विरोधमा देखिए । "नेपालमा जनमत संग्रहपछि सुरु भएको सशक्त पत्रकारिताको स्वरुप केही व्यावसायिक देखिए पनि यो मिसन पत्रकारिता नै थियो (पाण्डे, २०५५ , ७०) ।" यस अवधिमा *राष्ट्रपुकार, देशान्तर, जनसंवाद, राजधानी, माध्यम, दृष्टि, प्रकाश, छलफल, समीक्षा, पुनर्जागरण, समाज, मातृभूमि, रातो युगधारा, नेपाल टाइम्स, कमनर, प्रतिध्वनि, जन्मभूमि, विमर्श, नेपाल पोस्ट*लगायतका दैनिक तथा साप्ताहिक पत्रिकाहरु प्रकाशित थिए ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भयो । त्यतिन्जेलसम्म देशमा सरकारी लगानीमा *गोरखापत्र* र *द राइजिङ्* नेपाल प्रकाशित थिए । निजी क्षेत्रको लगानीमा ठूला आकारका दैनिक पत्रिकाहरु प्रकाशित थिएनन् । साप्ताहिक पत्रिकाहरु भने थुप्रै थिए । ती साप्ताहिक पत्रिकाहरुको प्रमुख उद्देश्य पंचायती व्यवस्थालाई ढाली बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु थियो । यस हिसाबले पनि साप्ताहिक पत्रिकाहरुको मूख्य मिसन भनेकै प्रजातन्त्रको पुनःस्थापना गराउनु रहेको थियो ।

वि.स. २०४६ सालको जनआन्दोलनमा नेपाली पत्रकारहरुले पनि सेन्सरसिप, गिरफ्तारी, यातना र मुद्दा सहेर पनि आन्दोलनको पूर्वतयारीदेखि नै जनताको अभिमत बनाउने सक्दो प्रयास गरे । पत्रकारहरुले विदेशमा बसेर पनि नेपाली आन्दोलनबारे समाचार प्रकाशित गराएर विश्व जनमतलाई जनआन्दोलनबारे सुसूचित गराए ।

यस हिसाबले प्रजातन्त्रको पुनःस्थापनाका लागि साप्ताहिक पत्रिकाहरुको भूमिका उल्लेखनीय रहेको देखिन्छ । प्रजातन्त्रको पुनःस्थापनापश्चात नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । संविधानको धारा १३ मा छापाखाना तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरिएको थियो । संविधानमा नै प्रेस स्वतन्त्रताको प्रत्याभूति भएपश्चात पत्रिकाको प्रकाशनमा बृद्धि मात्र भएन, नाफा आर्जन गर्ने लक्ष्य लिएरसमेत पत्रपत्रिकाहरु प्रकाशित हुन थाले ।

वि.स.२०४७ देखि मात्र तीस वर्षे लामो उकुसमुकुस हटेको हुँदा नेपाली बौद्धिक जमात एक्कासी जुर्मुराएको अवस्थामा राजनैतिक-आर्थिक खुलापनको व्यापक उपयोग गर्दै पत्रपत्रिकाहरु प्रकाशित हुन थाले । वि.स.२०४७ सालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई स्थापित गऱ्यो । नयाँ-नयाँ उपकरण र प्रविधि भित्रँदै गए । सीप र दक्षताको प्रयोग पत्रकारितामा हुन थाल्यो । पत्रकारितामा व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी व्यापारी वर्गको लगानी आकर्षित भयो । किनकी नेपालको संविधान २०४७ मा पुर्ण रुपमा छापाखाना तथा पत्रपत्रिका प्रकाशन हक र सूचनाको हकको व्यवस्था गरिएको छ । यस पछि नेपालमा अरु पत्रिकाहरु दर्ता हुन थाल्यो जसको फलस्वरुप प्रजातन्त्रको पुनःस्थापनाको दुई वर्षपछि वि.स. २०४९ सालमा *कान्तिपुर र द काठमान्डु पोष्ट*को प्रकाशन आरम्भ भयो । “यसले सरकारी नियन्त्रणका दुई दैनिक बीचको एकाधिकारलाई तोड्दै व्यवसायिक पत्रकारिताको बीउ मात्रै रोपेन, मिडियामा लगानी गर्न अरुलाई

पनि बाटो  देखाइदियो । यी दुवै पत्रिकाहरुको सफलता अरुका लागि प्रेरणादायी श्रोत बन्यो । परिणामस्वरुप ब्रोडसिट दैनिक पत्रिकाहरु प्रकाशन गर्ने लहर चल्यो । यस पछि नेपालमा वि.सं. २०५२ सालमा *हिमालय टाइम्स, लोकपत्र, आजको समाचारपत्र, एभरेष्ट हेराल्ड र श्रीसगरमाथा* दैनिक गरी पाँच प्रकारका ब्रोडसिट दैनिकहरु बजारमा आए । यीमध्ये *आजको समाचारपत्र* अहिले *नेपाल समाचारपत्र*को नाममा प्रकाशित भइरहेको छ भने *हिमालय टाइम्स* रंगिन (बीचमा श्यामश्वेतबाट) पनि चल्दैछ । बाँकी तीन ब्रोडसिट *सगरमाथा, एभरेष्ट हेराल्ड र लोकपत्र* डेढ वर्षको अन्तरालमै बन्द भए । "यी दैनिकहरु बन्द हुनु पछाडिका मुख्य कारण व्यवस्थापकीय कमजोरी र लगानीको अभाव नै थिए । (मिडिया अध्ययन,२)

एकातिर ठूला लगानीका ब्रोडसिट दैनिकहरु बन्द भए । अन्य दैनिक पत्रिकाहरु प्रकाशित हुने क्रम पनि रोकिएन । २०५७ सालमा *स्पेसटाइम दैनिक* र *स्पेसटाइम* टुडेको एकसाथ प्रकाशन सुरु भयो । त्यसको पछिल्लो वर्ष *राजधानी* दैनिकको प्रकाशन सुरु भयो । यसमध्ये *स्पेसटाइम* र *स्पेसटाइम टुडे* बन्द भइसकेको छ भने *राजधानी* वर्तमानमा पनि प्रकाशित हुँदै आएको छ । त्यस्तै *दी हिमालयन टाइम्स* अंग्रेजी दैनिक र *अन्नपूर्ण पोष्ट* पनि नियमित रुपमा प्रकाशित छन् । त्यस्तै नेपाली पत्रिका बजारमा *नागरिक* दैनिक र *रिपब्लिका* अँग्रेजी भाषामा दैनिक आएका छन् । यस्तै कारोबार, अभियान, आर्थिक जस्ता अर्थ केन्दित राष्टिय दैनिक पत्रिकाहरु पनि नेपाली बजारमा आइसकेका छन् । साथै सौर्य, समाचार जस्ता राष्टिय दैनिक पत्रिकाहरुमा पनि प्रकाशित हुन थालेका छन् । यता २०४६ अघि र २०५० को हाराहारीसम्म पनि पाठकमाझ राम्रै प्रभाव जमाएका साप्ताहिक अखबारहरुको बजार र पाठक स्वात्तै घटेको छ । उनीहरु पुरानै ढर्राबाट चलेका कारण पनि यस्तो संकट भोग्न बाध्य भएका छन् । यद्यपि आफ्नो अस्तित्व नै संकटमा पर्ने देखेपश्चात कतिपय साप्ताहिक पत्रिकाहरुले व्यावसायिकता र प्रविधि सुहाउँदो हिसाबले आफूलाई परिमार्जन गर्न पनि थालेका छन् । *दृष्टि, देशान्तर र विमर्श* जस्ता साप्ताहिक पत्रिकाहरु रंगीन कवरमा प्रकाशित हुनुलाई पनि त्यही संकेतको रुपमा लिन सकिन्छ ।

म्यागेजिन पत्रकारिताको क्षेत्रमा पनि अहिले आएर ठूलो परिवर्तन भइसकेको छ । यतिखेर हिमाल, नेपाललगायतका विश्लेषणात्मक म्यागेजिनहरु प्रकाशित भइरहेका  छन् । "प्रेस काउन्सिलको अभिलेखअनुसार आर्थिक वर्ष २०६८/६९ को अन्त्यसम्म समाचारमूलक पत्रपत्रिकाको कुल दर्ता

संख्या ३४०८ पुगेको छ । यसमध्ये दैनिक पत्रिकाको संख्या ४९०, अर्ध साप्ताहिक २८, साप्ताहिक २३१५ र पाक्षिक ३६२ वटा रहेका छन् (प्रेस काउन्सिल नेपाल, २०६९) ।

## १.२ साप्ताहिक पत्रिका र राजनीतिक पत्रकारिताको उदय

नेपाली पत्रकारिताको लामो इतिहासको प्रारम्भ साप्ताहिक पत्रिकाबाटै सुरु भएको हो । तिनका साइज भने आजको साप्ताहिकको जत्रै ठ्याक्कै थियो भन्न सकिन्न । किनभने भिन्नभिन्न रुप र आकारप्रकारमा यसवीचमा पत्रपत्रिकाको रुपमा निस्किए । वि.स.१९५८ सालमा प्रकाशित *गोर्खापत्र* नै नेपालबाट नेपाली भाषामा प्रकाशित पहिलो साप्ताहिक पत्रिका हो । प्रथम पटक प्रकाशित साप्ताहिक *गोर्खापत्र*लाई आधार मान्ने हो भने नेपाली साप्ताहिक पत्रिकाले एक सय १२ वर्षको गौरवशाली इतिहास पार गरिसकेको छ । "*गोरखापत्र*मा सरकारी लगानी रहेता पनि निजीस्तरबाट प्रकाशित पहिलो साप्ताहिक भने भारतबाट प्रकाशित पहिलो *युगवाणी* थियो, जुन *गोरखापत्र* प्रकाशन सुरु भएको आधा शताब्दीपश्चात अर्थात वि.स. २००४ माघ १३ गते प्रकाशन सुरु भएको थियो" । (कार्की, ०६०,२४)

राणाशासनकोविरुद्धमा जनचेतना जागृत गराउने उद्देश्यले प्रवासी नेपालीहरुद्वारा बनारसबाट पत्रिकाहरु प्रकाशित गरिएको थियो । *युगवाणी*को प्रकाशनपश्चात भारतको कलकत्ता, बनारस, दार्जिलिङ आदि ठाउँबाट *गोर्खाली, राजभक्ति, गोर्खा संसार, तरुण गोर्खा, नेपाल पुकार*लगायतका पत्रिका प्रकाशित भएका थिए । *गोर्खापत्र*पछि नेपालबाटै हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा पहिलो पटक नेपालबाट नेपाली भाषामा *जागरण* साप्ताहिक प्रकाशित भयो ।

वि.सं. २००७ र २०१७ सालको अवधिमा विभिन्न राजनैतिक दल र अन्य संस्थाहरुले प्रजाान्त्रिक हक र अधिकारहरुको सदुपयोग गर्दै पत्रपत्रिका संचालन गर्न पुगे । यो अवधिभित्र जम्मा ३५ वटा साप्ताहिक पत्रिकाहरु दर्ता भए । यीमध्ये *नेपालपुकार, राष्ट्रवाणी, प्रकाश, जनवाणी, नवयुग, जनमत* इत्यादि पत्रिकाहरुले विभिन्न राजनैतिक दल र तिनीहरुका विचारको प्रतिनिधित्व गर्दथे । यसै समय *तरंग, नेपाल बजेट, नवनेपाल, झिल्को, हलचल, मसला, जनमत* आदि साप्ताहिक पत्रिका प्रकाशित भए । यसै वीचमा हिन्दी भाषामा *सही रास्ता* समेत साप्ताहिक पत्रपत्रिकाहरु प्रकाशित भएका थिए । हिन्दी पत्रिकाहरुमा २००८ साल श्रावण १५ गते श्री भोजबहादुर सिंह

न्यौपानेको सम्पादनमा *तरंग* साप्ताहिक प्रकाशित भयो । यसले आफ्नो जीवनकालमा सरकारको आलोचना गरी जनतामा राजनैतिक चेतना दिलाउन निक्कै अग्रसर भयो । यस पत्रिकामा विरोधी पार्टी र विचारहरुले पनि स्थान पाउने गरेको थियो । यो पत्रिका वर्ष एक संख्या १८ भन्दा पछि देखा पर्न छाड्यो । (देवकोटा, २०५९ , ३७)

प्रजातन्त्रको खुल्ला वातावरण भएकोले २००७ देखि २०१७ सालको अवधिमा धेरै पत्रपत्रिकाहरु प्रकाशित भए । त्यसमध्ये धेरैजस्तो साप्ताहिक पत्रिकाहरु नै थिए । कमजोर लगानीमा प्रकाशित हुने यी पत्रिकाहरुले आर्थिक समस्याका कारण निरन्तरता पाउन कठिनाई भोग्नु पऱ्यो । त्यसैले पनि यसबीचमा साप्ताहिक पत्रिकाहरु प्रकाशित हुने र बन्द हुने क्रम चलिरह्यो । त्यसबेला प्रकाशित भएकामध्ये कतिपय साप्ताहिक पत्रिकाहरु उल्लेखनीय छन् । संसदीय व्यवस्थाको स्थापना भएका बखत वि.स. २०१७ साल बैशाख ३० गते मदनमणि दीक्षितको सम्पादनमा प्रकाशित भएको *समीक्षा* साप्ताहिक यस्तै मध्येको एक हो । यसले अख्तियार गरेका नीति र समाचार शैली पनि त्यतिखेरका अन्य साप्ताहिक पत्रिकाको भन्दा फरक रहेको पाइन्छ ।

यस पत्रिकामा समाचारलाई समिक्षात्मक रुपबाट प्रस्तुत गर्नु, सहयोगीको विचार शीर्षक निकाल्नु, व्यक्तित्वको खोजी शीर्षकमा प्रमुख व्यक्तित्वहरुको मूल्यांकनमा आधारित भएर परिचय दिनु, इतिहासको पाना स्तम्भ र समसामयिक चर्चा स्तम्भ आदि प्रकारको नयाँ-नयाँ शीर्षक र स्तम्भ निकाल्ने गरेको पाइन्छ, जो यसभन्दा अगाडिका अन्य पत्रिकाहरुमा देखा पर्ने गरेको थिएन । यस पत्रिकाको लेखनशैलीमा पनि एउटा नयाँपन पाइन्छ । जसले गर्दा यसको नीतिभन्दा स्तर उठेको छ भन्नुपर्छ । (मिडिया अध्ययन,२)

त्यतिखेरका साप्ताहिक पत्रिकाहरुको उद्देश्य राजनीतिक चेतना जागृत गराउनु रहेको थियो । *समीक्षा* साप्ताहिकले पनि आफ्ना पहिलो सम्पादकीयमा "जनमत संगठित गर्न र जनताको राजनैतिक चेतनालाई माथि उठाउन" पत्रिका प्रकाशित गरिएको चिज उल्लेख गरेको थियो । त्यतिखेर विभिन्न राजनीतिक दल र तिनका वर्गीय संगठनहरुले पनि आ-आफ्नै मुखपत्र प्रकाशित गर्न थाले । "२००७ सालको परिवर्तनपश्चात जुन किसिमबाट नेपालमा राजनैतिक संस्थाहरुको जन्म भयो, त्यस्तै किसिमबाट ती संस्थाहरुले आफ्नो मुखपत्रको रुपमा अथवा आफूले आवश्यक आर्थिक सहायता र निर्देशन दिई सर्वसाधारणको सामुन्ने स्वतन्त्र रुपमा वा मुखपत्र समेत नभनी

आफूद्वारा पूर्ण संचालनमा विभिन्न पत्रिकाहरु प्रकाशनमा ल्याइए ।" अन्य कतिपय पत्रिकाहरु पनि राजनैतिक दल र संगठनकै सहयोगबाट संचालित थिए । (देवकोटा, ०५९ , ९४)

२००७ सालदेखि २०१७ साल मार्ग मसान्तसम्म देखा परेका पत्रपत्रिकाहरुमध्ये धेरैजसो विभिन्न राजनैतिक संगठनहरुको प्रेरणा, सहयोग, सञ्चालन तथा मुखपत्रकै रुपमा जन्माइएका र जन्मिएका हुन् । पछि गएर जसरी राजनैतिक संस्थाहरु दुर्बल भई त्यसको गतिविधिमा शिथिलता आयो, त्यसरी नै निस्केका पत्रपत्रिकाहरु पनि शिथिल भई देखा पर्न छोड्दै गए ।

साप्ताहिक पत्रिकाहरुको प्रकाशन बढिरहेको स्थितिमा वि.स. २०१७ सालमा प्रजातन्त्रको अन्त्य भयो र मुलुकमा दलबिहीन पंचायती व्यवस्थाको उदय भयो । २०१७ सालको शाही 'कू' पश्चात त आर्थिक समस्या भोगिरहेका यी साप्ताहिकहरुले अनावश्यक रुपमा प्रशासनिक हस्तक्षेप समेतको कोपभाजन सहनुपऱ्यो । कठोर प्रेस कानुन पूर्व धेरै साप्ताहिक पत्रिकाहरु टिक्न सकेनन् । "जुन किसिमबाट राजनैतिक संस्थाहरु उदाए र अस्ताए त्यस्तै किसिमबाट ती पत्रिकाहरु पनि प्रकाशित भएर बन्द भए । त्यसमध्ये जति पत्रिकाहरु जीवित थिए, २०१७ सालको परिवर्तनद्वारा राजनैतिक संस्थाहरु अवैध गराइए पश्चात ती पत्रिकाहरु पनि स्वतः बन्द भए ।" (मिडिया अध्ययन,२)

यद्यपि नयाँ साप्ताहिक पत्रिकाहरु दर्ता हुने क्रम भने रोकिएको थिएन । बरु, राजनीतिक दलहरुले राजनैतिक संस्थाहरुको प्रचार साधनका लागि नयाँ-नयाँ पत्रिकाहरु प्रकाशित गरे । *नेपाल पुकार, नव नेपाल, नेपाल टुडे, आलोक, नेपाल सन्देश, राष्ट्रिय प्रजा सन्देश, राष्ट्रवाणी, नयाँ बाटो, प्रकाश, इन्साफ, जनवाणी, लोकवार्ता, संयुक्त प्रयास, जनप्रयास, नवयुग, मशाल, जनमत, राँको, कर्मवीर, नयाँ मोड, जनमित्र, महिला, प्रतिभा, नेपाल जनहित, राष्ट्रदूत, देशसेवा, स्वतन्त्र समाचार*जस्ता पत्रिकाहरु कुनै न कुनै पार्टी तथा वर्गीय संगठनबाट संचालित थिए । फलस्वरुप वि.स. २०२२ सालसम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरुको संख्या लगभग सयको हाराहारीमा पुग्यो । "वि.स. २०१७ सालपश्चात नेपाली पत्रकारिताको स्थितिमा आमूल परिवर्तन आयो भन्नेमा अतियुक्ति नहोला" (पाण्डे, २०५५, ४५) । यसरी प्रकाशित भएका पत्रिकाहरुमध्ये कतिपय सत्ताको गुणगान गाउनमा व्यस्त भए । कतिले चाहिं प्रजातन्त्रका लागि संघर्ष गर्दै अघि बढे । जे होस्, साप्ताहिक पत्रिकाहरु राजनीतिक प्रभावबाट मुक्त हुन सकेनन् ।

नेपालमा संसदीय व्यवस्था भंग भई पञ्चायती व्यवस्थाको सुरुको समयमा २०१८ साल श्रावण १८ गतेदेखि श्री रमेशनाथ पाण्डेको सम्पादनमा निस्कन थालेको नेपाली भाषाको *नयाँ सन्देश* साप्ताहिक जन्मिनुको कारण नै कम्युनिस्ट नीतिको विरोध गर्नु भन्ने देखिन्छ । (देवकोटा, ०५९ , ३८ - ३९)

कतिपय पत्रपत्रिकाहरु चाहिँ सुरुमा सरकारको आलोचक भए पनि पछि गएर सहयोगी बनेका पनि देखिन्छन् । अर्थात्, सुरुमा सरकारी कामकारवाहीका आलोचना गर्ने साप्ताहिकले पछि गएर सरकारले गरेका खराब कार्यहरुकोसमेत ढाकछोप गर्ने गरेका थिए । नयाँ समाज साप्ताहिकलाई यही रुपमा लिन सकिन्छ ।

२०१९ साल आषाढ १३ गतेदेखि श्री शिवहरसिंह प्रधानको सम्पादनमा निस्केको हिन्दी भाषाको *नयाँ समाज* साप्ताहिक हेर्ने हो भने यसले आफ्नो जीवनयात्रामा श्री ५ को सरकारमा बसेका मन्त्रीहरुले गरेका खराब कार्यको आलोचना गर्ने र पछि त्यसलाई ढाकछोप गर्ने गरेको पनि देखिन्छ । सही रुपमा मन्त्रीहरुबाट भए गरेका खराबी जनसमक्ष ल्याउनमा यो चुकेन, चाहे मन्त्रीहरु सत्तामा रहेको अवस्था अथवा सत्ताबाट बाहिर निस्किसकेपछि नै किन नहोस् । साथै अरुलाई गाली गर्नमा पनि यो पछि हट्ने आदतको थिएन । (देवकोटा, ०५९ , ३९)

पञ्चायती व्यवस्थाको कठोरतासँगै पत्रिका प्रकाशनमा पनि नियन्त्रण गरियो । २०१७ साल पुष १ गतेको घटनापश्चात नेपालको पत्रकारिता एकैसाथ कानुनी बन्देज र प्रशासनिक निगरानीमा पर्‍यो । प्रेस स्वतन्त्रता कुण्ठित भयो । कतिपय पत्रिकाहरु कारवाहीमा परे । यसरी कारवाहीमा पर्नेहरुमा *नयाँ सन्देश, नयाँ समाज, मातृभूमि, लुम्बिनी, हुरी, हिमदूत* लगायतका पत्रिकाहरु थिएन । प्रशासनिक बाधा र आर्थिक संकटले गर्दा केही साप्ताहिक पत्रिकाका प्रकाशन बन्द भए । जे होस्, पंचायतकालका मूल धारका मिडियाहरु साप्ताहिक अखबारहरु नै थिए । ती ट्याब्लोइड थिए । “त्यतिखेर मुख्यतः पंचायतविरोधी, पंचायतवादी र पंचायती व्यवस्थालाई सुधार गर्दै लैजानुपर्ने विचार राख्ने तीन प्रकारका अखबारहरु निस्कन्थे । राजनीतिक कार्यकर्ता, साहित्यकार र व्यवस्थाविरोधी युवाहरुको बाहुल्य थियो, त्यस बखतको पत्रकारितामा ।(गौतम हुमागाई, ०६१,२८)

वि.स. २०२२ देखि वि.स.२०३६ सम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरुको संख्यात्मक बृद्धि त्यति धेरै नभएता पनि वि.स २०३६ सालको ऐतिहासिक जनमत संग्रहताका नेपाली प्रेसले फड्को माऱ्यो । सामाजिक चेतना र प्रेस कानुनमा भए गरेका सुधारका कारण नेपाली समाजमा स्वतन्त्र र व्यवसायिक पत्रकारिताको सुरुवात हुन पुग्यो । साप्ताहिक पत्रिकाहरुको प्रकाशन पनि फस्टायो । यद्यपि यी विचारधाराहरुभित्र पनि प्रशस्त अन्तरविरोध र अवसरवादले पत्रकारितालाई गाँजेको थियो । तर यो समयलाई साप्ताहिक पत्रिकाहरुको लागि स्वर्णकाल पनि भनिन्छ । *विमर्श, छलफल, दृष्टि, नेपालीपत्र, राष्ट्रपुकार, पुनर्जागरण* इत्यादि पत्रिका यो समयका उल्लेखनीय साप्ताहिक पत्रिकाका रुपमा लिइन्छ " । (मिडिया अध्ययन,२)

२०३६ साल जेठमा जनमतसंग्रह गराउने घोषणा हुँदासम्मको स्थितिमा जनचेतना पुऱ्याउन जे जति भूमिका नेपाली प्रेसले खेल्यो, त्यसमा साप्ताहिक अखबारहरुको योगदान उल्लेखनीय रहेको छ । नेपाली पाठकहरुको बीचमा *मातृभूमि, समीक्षा, राष्ट्रपुकार* जस्ता साप्ताहिक अखबारहरुको प्रभाव र पहुँच निकै टडकारो प्रकारको थियो । जनमतसंग्रहको घोषणापश्चात नेपाली पत्रकारिता जगत्मा स्पष्टतः दुईवटा राजनीतिक धार  देखापरे । यी दुई धारमध्ये एउटा धार पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षमा थियो । अर्को धार क्रमिक प्रजातान्त्रिक सुधारको पक्षमा । यी दुवै धारमध्ये पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षधरको पत्रिकाको रुपमा स्थापित थियो - *राष्ट्रपुकार* । *राष्ट्रपुकार* स्पष्टतः नेपाली कांग्रेस पक्षधर पत्रिका थियो । *राष्ट्रपुकार*ले आफ्नो स्थापनाकालदेखि नै प्रजातन्त्रको पक्षमा आफूलाई उभ्याउँदै आएकाले पत्रिका लगातार सरकारको बक्रदृष्टिमा रह्यो । जनमतसंग्रहको घोषणापश्चात क्रमिक रुपमा प्रजातान्त्रिक सुधारको पक्षमा देखा परेको प्रकाशन थियो - *साप्ताहिक विमर्श* । *साप्ताहिक विमर्श* जनमतसंग्रहको वर्षभरि नै सुधारिएको पंचायतका पक्षमा देखापऱ्यो । (नेपाल, ०५७ , १०)

वि.स.२०३७ सालमा सम्पन्न भएको जनमतसंग्रहको नतिजा पंचायतको पक्षमा गएता पनि नेपाली पत्रकारिता संकुचित भएर बसेन । त्यसबखतका साप्ताहिक छापाहरुले नागरिकहरुको राजनीतिक चेतना उठाउन अथक प्रयास गरे । पत्रकारितालाई नाफा कमाउने व्यापारभन्दा पनि राजनीतिक र सामाजिक सुधारको संवाहक वस्तुको रुपमा तुल्याउन त्यस बखतका सम्पादकहरु दिलोज्यानले लागिपरेका थिए । वि.स.०३६- वि.स.०४६ को दशक पनि निजी क्षेत्रका साप्ताहिकहरुकै भूमिकाको अर्थपूर्ण मान्यता रह्यो । "सत्याग्रहपछि संस्थागत रुपले प्रकाशित हुन

थालेको *देशान्तर साप्ताहिक*ले पत्रकारितामा अझ नयाँपन दियो । त्यतिखेरका साप्ताहिकहरुको मिशन नै थियो, पंचायती व्यवस्थाको अन्त्य गर्ने । (कवीर राणा प्र.स.,२०६९-८-१०)

*प्रकाश, छलफल* र *दृष्टि* साप्ताहिकले 'मिसन जर्नालिज्म' गर्दै त्यतिबेलाको कम्युनिष्ट आन्दोलनलाई नयाँ चरणमा प्रवेश गराए । नेकपा मालेको भूमिगत नेतृत्वलाई *दृष्टि* साप्ताहिकले निरन्तर रुपमा प्रतिनिधित्व गऱ्यो । तीनवटै पत्रिकाका सम्पादक रहनुभएका पत्रकार रघु पन्तले त्यसबेला 'पत्रकारिताले बल र शक्तिमा विश्वास गर्ने शक्तिविरुद्ध विचारको लडाइँ लडेका थियौं' भन्ने दृष्टिकोण राख्नुहुन्छ । (पाण्डे, ०५७ , ७५)

यसरी साप्ताहिक पत्रिकाहरुले विचारको लडाइँ लडेकै कारण वि.स.२०३६ सालको जनमतसंग्रहदेखि साप्ताहिक पत्रिकाहरुको प्रतिष्ठा पनि जनमानसमा बढ्दै गयो । त्यतिखेर साप्ताहिक पत्रिकाहरुले गरेको संघर्ष विशेष उल्लेखनीय छ । "साप्ताहिक पत्रिकाहरुले पनि संघर्षमय भई जनआस्था संगालेका हुन् । सरकारी प्रशासन भने भरसक थिचोमिचोतर्फ नै कायम थियो भन्न सकिन्छ । (शर्मा, ०५९ , ६)

वि.स.२०३६- वि.स.२०४६ बीचको अवधिको नेपाली पत्रकारिताको मूलधार पनि साप्ताहिक पत्रपत्रिकाले नै हाँकेका थिए । यस अवधिमा नेपाली पत्रकारिता राजधानी र मोफसल दुवैतिर विकास भयो । राजनीतिक स्वतन्त्रता, प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताका पक्षमा नागरिक चेतना अभिबृद्धि गर्ने र त्यसका निम्ति संचालित प्रजातान्त्रिक राजनीतिक आन्दोलनमा पनि प्रत्यक्ष सहभागी रहेको देखिन्छ । देशको राजनीतिक स्थिति जति नियन्त्रणात्मक भएता पनि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा घटेका घटनाहरुदेखि लिएर नागरिक अधिकारका पक्षमा सूचना र विचार प्रवाह गर्दै जाने, कानुनी व्यवधान र सरकारी दमनलाई झेल्दै पेशागत धर्म निर्वाह गर्ने प्रवृत्ति यो बेलाको पत्रकारितामा निहित रहेको पाइन्छ । यो कालखण्डलाई नेपाली प्रेसको संक्रमणकाल पनि भन्न सकिन्छ । (घिमिरे, ०६१ , २९)

वि.स. २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहाली भयो । "प्रजातन्त्रको पुनर्बहालीसँगै नेपाली प्रेस पनि स्वतन्त्र भयो । २०४७ साल कार्तिकमा जारी भएको संविधानले प्रेस स्वतन्त्रतालाई संस्थागत गराइदियो "। अर्कोतिर पुनःस्थापित बहुदलीय प्रजातान्त्रिक

व्यवस्थाको सूत्रपातसँगै नेपाली साप्ताहिक पत्रिकाहरुको आरोह र अवरोह पनि एकैपटक शुरु भयो । केही साप्ताहिक पत्रिकाहरुले छोटो समयमा चर्चाको शिखर चुम्न सफल भएता पनि प्रजातान्त्रिक आन्दोलनमा सक्रिय योगदान पुऱ्याउने अधिकांश साप्ताहिक पत्रिकाहरु बन्द हुन पुगे । नेपाली समाजमा खुला आर्थिक नीति अबलम्बन गरिएपश्चात संचारक्षेत्र पनि पूर्णतः व्यवसायतर्फ उन्मुख भयो । प्रजातन्त्रको पुनःस्थापनापश्चात् सुरुका वर्षहरुमा नेपाली प्रेसभित्र ठूलो लगानी भित्रिन थाल्यो । ठूला आकार कलेवरमा प्रकाशित दैनिक पत्रिकाहरुले उही पुरातन शैली र विचारका साप्ताहिक पत्रिकाहरुलाई एकैपटक विस्थापित गराइदिए । यता साप्ताहिक पत्रिकाहरुमा भने संस्थागत लगानी गर्ने वातावरण बनिसकेको छैन । साप्ताहिक पत्रिकाहरुको संख्यात्मक रुपमा बृद्धि भएता पनि यसको व्यावसायिकतामा भने उल्लेखनीय सुधार हुन सकेको छैन । संख्यात्मक रुपमा ठूलो संख्यामा साप्ताहिक पत्रिकाहरु दर्ता भएता पनि नियमित रुपमा प्रकाशित हुने साप्ताहिक पत्रिकाहरुको संख्या भने अपेक्षाकृत थोरै नै छ । (पाठक शोधपत्र, २०६४)

साप्ताहिक पत्रिकाहरुको यति धेरै संख्या भएता पनि तिनीहरु अझै पनि व्यावसायिक बन्न सकेका छैनन् । कुनै न कुनै राजनीतिक दल र ती दलभित्रका पनि कुनै खास गुट-उपगुटका समाचारहरुलाई बढी प्राथमिकता दिने भएकोले पनि साप्ताहिक पत्रिकाहरु आरोपमुक्त हुन सकिरहेका छैनन् । कतिपय साप्ताहिक पत्रिकाहरुको त समाचार शीर्षकबाटै राजनीतिक झुकाव झल्किएको पाइन्छ ।

केही साप्ताहिक समाचारपत्रका शीर्षकहरु अध्ययन गर्दा तिनले पाठकवर्गहरुलाई राजनैतिक छाप दिन खोजेको पाइन्छ भने कतिपय साप्ताहिक अखबारका समाचारहरुका हरफहरु त कपोलकल्पित, भ्रामक र प्रचारमुखी बनी पाठकप्रति गैरजिम्मेवार बनिरहेका छन् । समाचारका शीर्षकबाट नै एकपक्षीय झुकाव व्यक्त भएको स्पष्ट हुन्छ । यिनमा शीर्षकको तुलनामा बस्तुगत दृष्टिकोण फरक रहेको मान्न सकिन्छ । समाचार शीर्षकहरुले राजनैतिक पार्टीको उद्देश्य पूरा गर्ने किसिमका समाचार प्रवाह गरिरहेका छन् । यो प्रवृत्ति नहटेसम्म पत्रकारिताको स्तरप्रति पाठकहरुको शंका गर्ने ठाउँ रहिरहन्छ । त्यसैले यो स्थितिको अन्त्य गरी पत्रकारितालाई पार्टीगत राजनीतिभन्दा माथि राख्नु आजको आवश्यकता हो । यसरी राजनीतिक दलहरुले आ-आफ्नो मुखपत्र किसिमका अखबारहरु प्रकाशित गरी आफ्ना विचार, नीति, कार्यक्रम तथा राजनीतिक गतिविधिहरु अघि बढाइरहेका छन् । यस कार्यमा साप्ताहिक पत्रिका र त्यसमा कार्यरत पत्रकारहरु

प्रयोग भइरहेका छन् । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरु विशेष गरी सम्पादकहरुको *स्कुलिङ्*ले प्रभाव पारिरहेको छ । (खनाल, ०५६ , ९)

## १.३ समस्या कथन

मूलभूत रुपमा बजारमा अनेक खालका राजनैतिक विचारलाई प्रर्वद्धन गर्ने खालका पत्रपत्रिका देख्न/पढ्न पाइन्छन् । केही पत्रिकाको नामैलेसमेत पत्रिकाको आस्था र आश्रयबारे अनुमान लगाउन सकिन्छ । बजारमा उपलब्ध साप्ताहिक पत्रिकाहरुमध्ये प्राय: सबैजसो पत्रिकाहरुले वर्तमानमा पनि राजनैतिक विषयबस्तुलाई नै प्राथमिकता दिने गरेका छन् । यसो हुनुको प्रमुख कारणमध्ये साप्ताहिक पत्रिकाहरुले व्यवसायिक पत्रकारितालाई भन्दा प्रचारतन्त्रतर्फ जोड दिनु हो । आफ्नो पार्टी या संगठनलाई जसरी होस् ठूलो गराउने या पार्टीका कमजोरी लुकाउने प्रयास हो । वि.स. २००७ साल पूर्व निरंकुश एकछत्रिय राणा शासन कालको कुरो बेग्लै हो । वि.स.२०१७ साल पछिको निरंकुश पञ्चायति व्यवस्थाका दिनहरुको कुरा पनि फरक छ । तर वि.स.२०४६ साल पछिको जनआन्दोलनबाट प्राप्त बहुदलिय प्रजात्रन्त पछि राजनैतिक परिवर्तनपश्चात खुला, उदार र स्वतन्त्र व्यवस्थामा कोही कुनै सम्पन्न जमातको निर्दिष्ट स्वार्थपूर्ति गर्ने काममा संचारमाध्यमको दुस्प्रचार हुनु के ठिक कदम हो ? समाचारका नाममा एकोहोरो प्रचार भएको कति सत्य हो ?

वि.स.२०४६ साल पछि प्राप्त बहुदलिय प्रजातन्त्र पश्चात विशेष गरेर साप्ताहिक पत्रिकाहरु अझ बढी पार्टीगत प्रचारमा विभाजित भए । *देशान्तर* र *विमर्श*जस्ता पत्रिकाहरु नेपाली कांग्रेस निकट र *छलफल, दृष्टि, बुधबार* लगायतका पत्रिकाहरु एमाले निकट भएर प्रकाशित हुने गरेका छन् । त्यस्तै गरी जनदिशा, *जनादेश, महिमा र जनभावना* माओवादी निकट भएर प्रकाशित हुने गरेका छन् । यिनका अतिरिक्त अन्य पत्रिकाहरु विद्यमान छन् । साप्ताहिक रुपमा प्रकाशित भएका अन्य नयाँ पत्रिकाहरु कुनै न कुनै दल निकट भएर प्रकाशित भए । केही साप्ताहिक पत्रिकाहरु व्यवसायिक रुपमा अघि बढेता पनि अधिकांश दल नजिक रहेर चले । त्यसैले साप्ताहिक पत्रिकाहरुले कुनै दल विशेषको पृष्ठपोषण गर्ने कामलाई छोडेनन् ।

अभिव्यक्त गरिन्छ नै कि साप्ताहिक ट्याब्लोइडहरु कुनै खास विशेष पार्टी वा संगठनको 'मिसन' सँग सरोकार राख्छन् । पत्रिकाहरु सत्य, तथ्य भन्दा पनि आफ्नो पार्टी या वर्गको हित अनुकूल सत्यको विचार निर्धारण गर्छन् । साप्ताहिक पत्रिकाहरु निष्पक्ष छैनन् भन्ने आरोप छ ।

- साप्ताहिक पत्रिकाहरु सत्य, तथ्य समाचार थाहा पाउनका लागि पढिन्छ कि पढिन्न ?
- यी पत्रिकाहरुका पाठक को हुन् ? कार्यकर्ता वा आम जनता ?
- आरोपहरु अध्ययन अनुसन्धान भन्दा पनि व्यक्तिगत आस्थाका आधारमा र हचुवाको भरमा गरिदै आएकोले के साँच्चिकै साप्ताहिक पत्रिकाहरुले व्यवसायिक धर्म छोडेर एकोहोरो प्रचार गरेकै हुन त यस्तो स्थितिमा ?
- के साप्ताहिक पत्रिकाहरुले व्यवसायिक धर्म निर्वाह गरिरहेका छन् त ?

## १.४ अध्ययनका उद्देश्यहरु

अध्ययनका उद्देश्यहरु यस प्रकारका छन् :

- *साप्ताहिक पत्रपत्रिकाहरुमा हुने एकपक्षीय प्रचारप्रसारको अवस्था बुझ्नु ।*
- *साप्ताहिक पत्रिकाको समाचार प्रस्तुति शैलीको अवस्था बुझ्नु ।*
- *साप्ताहिक पत्रिकाहरुमा प्रकाशित समाचारबारे प्रकाशक, सम्पादक, पत्रकार र सर्वसाधारणको विचार बुझ्नु ।*

## १.५ अध्ययनको महत्व

यो अध्ययनले साप्ताहिक पत्रिकाको व्यवसायिक धर्मका बारेमा अध्ययन गर्नेछ । साथै यिनीद्वारा हुने भनिएको एकोहोरो प्रचारको यथार्थता जान्न प्रयास गरिनेछ । त्यस क्रममा खासगरी पत्रिकाका सम्पादकहरुसँग पनि अन्तर्वार्ता गरिने भएकाले त्यसबाट यथार्थ पहिल्याउन केही सहजता उत्पन्न हुने विश्वास छ ।

यो अध्ययनक्रमको निचोडले आमसंचारमा कार्यरत पत्रकारहरु, मिडिया, विशेषज्ञ र विज्ञहरुलाईसमेत फाइदा पुग्ने विश्वास लिएको छ ।

# अध्याय - २

## २.	सन्दर्भ सामाग्रीको पुनरावलोकन

विरलै साप्ताहिक पत्रिकाहरुको व्यवसायिकता र निष्पक्षताका बारेमा कतै लेखिएको वा अध्ययन भएको छ । यससम्वन्धि थोरै परिमाणमा अध्ययन भएका छन् । गोष्ठीहरुमा कार्यपत्रहरु पनि प्रस्तुत भएका छन् । पत्रकारिता तथा आमसञ्चार सम्बन्धि पुस्तकहरुमा पनि वस्तुगत रुपमा केही मन्थनहरु भएका छन् । यता पत्रकार, सचेत नागरिक र संचारविज्ञहरुवीच कहिले काही यसवीचमा परामर्श र चर्चा हुने गरेको छ । पत्रिकामा कार्यरत पत्रकारहरु कुनै न कुनै राजनीतिक दलनिकट रहेको तथ्य स्वीकार गर्नुले पनि यो विषयलाई थप बल पुगेको छ ।

यसरी साप्ताहिक पत्रिका कुरा गर्दाखेरी नेपालमा धेरै जसो राजनीतिक पार्टीसंग आवद्ध कार्यक्रताहरुको बाहुल्यता रहेको पाईन्छ । यसको भूमिका जहिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि राजनैतिक परिवर्तनमा उल्लेखनीय भूमिका रहेको हुन्छ । किनभने यसमार्फत आफ्नो मनको कुरा वा पार्टीको विचार नजानिदो पाराले आफ्ना कुराहरु जनता समक्ष विचारहरु पुर्‍याउन सहयोग पुगेको हुन्छ । त्यसैले पनि राजनीतिक पार्टीले आफ्नो विचार राख्ने उद्देश्यका साथ विभिन्न साप्ताहिक पत्रिका दर्ता गरेको पाईन्छ । कुनै पनि राजनीतिक परिवर्तनहरुमा प्रत्येक पटक पत्रिकाहरुले आफ्नो राम्ररी समाचार सामाग्रीहरु छापेको पाइन्छ । चाहे वि.स. २००७ साल, पञ्चायति व्यवस्था, २०४६ को राजनैतिक परिवर्तनमा होस् वा माघ १९ पछिको राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनको अवधिमा नै । साप्ताहिक पत्रिकाहरुले प्रजातान्त्रिक व्यवस्थाको वकालत गरेका छन् । कतिले आफु अनुकूलको व्यवस्थालाई उत्कृष्ट व्यवस्थासमेत भनेर व्याख्या गरे । त्यस्तै साप्ताहिक पत्रिकाहरुले प्रजातन्त्रको पक्षमा वकालत गरेकाले नै पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनस्थापना भएको पनि सत्य हो । (गोपाल प्रसाद थपलिया, कुराकानी) त्यतिबेला राजनैतिक दलका नेता तथा कार्यकर्ताहरुले खुला रुपमा राजनैतिक गतिविधि गर्न पाउँदैनथे । दलीय गतिविधिहरु पूर्णतः भूमिगत नै थिए । काठमाडौंबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरु बहुदलवादी पार्टीका विषयवस्तु बाहिर ल्याउने माध्यम बनेका थिए । त्यतिखेर पत्रिका संचालनको विषयवस्तु एक प्रकारले प्रजातन्त्रका लागि आन्दोलन गर्नु जत्तिकै थियो र सबैको ध्याउन्न प्रजातन्त्रका वकालत गर्नेपट्टी नै कायम थियो । यी पत्रिकाहरुले पंचायतको विपक्षमा र

बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत बनाउन प्रभावकारी भूमिका निर्वाह गरेका थिए । (वन्त, ०६१,५८६)

वि.स. २०४७ सालमा नेपालको संविधानले नै छापाखाना तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी गरेपश्चात चाहिँ पत्रिकाको प्रकाशनमा बृद्धि मात्र भएन, व्यावसायिक लक्ष्य लिएरसमेत केही पत्रिकाहरु प्रकाशित हुन थाले । तदनुसार नयाँ उपकरण र प्रविधि भित्रिँदै गए । पत्रकारितामा व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी, व्यापारी वर्ग लगानी गर्न आकर्षित भए । साप्ताहिक पत्रिकाहरु पनि रंगिन कलेवरमा प्रकाशित हुन थाले । (वन्त, ०५७,४)

विशेषगरी पत्रपत्रिकाहरु नेपाली कांग्रेस, नेकपा एमाले र एनेकपा माओवादी खेमामा विभाजित भएको पाइन्छ । यो पनि सत्य हो कि, धेरै नयाँ साप्ताहिक पत्रिकाहरु राष्ट्रिय विचारप्रधान बजारमा आइरहेका छन् । पत्रिकाहरु सञ्चालन गर्नका लागि अर्थको आवश्यकता पर्ने भएकोले पनि यस्तो हुने गरेको छ । किनभने एक वर्षमा नै केही लाख रुपियाँ घाटा हुने गर्छ । यस्तो पैसाको प्रबन्ध गर्ने काम राजनीतिज्ञ र व्यापारीहरुले गर्ने गर्छन् । (वन्त, ०५७,४)

यसरी साप्ताहिक पत्रिकाहरु प्रभावकारी हुन नसक्नुमा र यसलाई निरन्तरता दिन नसक्नुमा राजनीतिक विषयबस्तुलाई केन्द्रित गरेर अघि बढ्नुमा मात्र सीमित थिएन । स्तरीय सामग्री दिन र आर्थिक रुपले मजबुत भई नयाँ प्रविधि अपनाउन नसक्नु पनि यसको मुख्य कारण रहेकोथियो । पत्रिकाहरुले अबलम्बन गर्दै आएका परम्परागत ढर्राकै निरन्तरतासमेत पनि साप्ताहिक पत्रिकाहरुका लागि कम्ती चुनौतीपूर्ण थिएन । त्यही परम्परागत ढर्रा र दलीय पूर्वाग्रहलाई त्याग्न नसकेकै कारण ती पत्रिकाहरु त्यतिसारो फस्टाउन सकेनन् । (गुरुङ, ०५८,४)

साप्ताहिक पत्रिकाहरुमा नयाँ वातावरण छैन । उनीहरु विगतमा जे थियो, त्यसैमा नै रमाइरहे जस्तो देखिन्छ । धेरैजसो साप्ताहिक पत्रिकाहरुमा काम गर्ने परम्परागत वातावरण रहेको छ भने सो मा लगानीको अभाव देखिन्छ । परिणामस्वरुप उनीहरु पत्रिकाका धेरैजसो राजनीतिक दल र प्रभावशाली व्यक्तिहरुको मुखपत्र बन्न बाध्य भएका छन् । जनतासमक्ष विश्वसनीय समाचार विचार प्रदान गर्न यही कुरा बाधक भएको छ । तिनीहरु पार्टी र राजनीतिज्ञहरुको हस्तक्षेपबाट ग्रसित छन् । यस प्रबृत्तिले तिनीहरुलाई पूर्वाग्रही बनाएको छ । उनीहरुले पार्टी वा पार्टीभित्र पनि

कुनै विशेष गुटका निकटका रुपमा रही बनाएको छविलाई सुधार गर्न सकेनन् । परिणामस्वरुप उनीहरु जहिले पनि आलोचनाका शिकार बन्न पुगे । "चलनचल्तीका प्रमुख साप्ताहिक पत्रिकाहरु करिब सबै नै राजनीतिक खेमा वा दलसितका भावना प्रतिविम्वित गर्ने छन् । तिनकै मुखपत्र भएर भनेर वा नभनेर प्रकाशित हुने अथवा त्यस्तै काम गर्ने किसिमका छन् । अझ कति त दलभित्रको पनि गुट गुटका मुखपत्रजस्ता छन् ।

साप्ताहिक पत्रिकाबारे स्वयं राजनीतिक दलका नेताहरु पनि सकारात्मक छैनन् । पार्टी र नेताहरुले आफ्नो पक्षको गुणगान गाउनकै लागिसमेत पत्रिका निकाल्ने गरेको पाइन्छ । नेपालका राजनेताहरु पत्रकारिताप्रति चाहिनेभन्दा बढी संवेदनशील छन् । यही संवेदनशीलतालाई पुरा गर्न उनीहरु आफैं पत्रिका प्रकाशित गर्दछन् । नेपालका अधिकांश अखबारहरु पार्टी, संघसंसथा, नेताहरु र कुनै नेताको वरिपरि घुम्छन् भन्ने विषयमा चाहिं कसैको दुईमत नहोला । पार्टीबाट संचालित पत्रिकाहरु पार्टीको गुणगाण गरिरहेका हुन्छन् ।

पत्रकारितामा राजनीतिक प्रभाव बढेमा व्यावसायिक मर्यादा तहसनहस हुन पुग्दछ । यसबाट पित पत्रकारिताको जन्म हुन पुग्दछ भने राजनीतिक नेताले नै पत्रकार र पत्रकारितालाई डोर्‍याउन थालेको खण्डमा कथित पत्रकारिताको थालनी हुन जान्छ । यसको उदाहरण स्वरुप हिजोआजका कतिपय नेपाली पत्रपत्रिकाहरु आलोचनाको विषय बनेका छन् । कतिपय समाचारपत्रहरुले त पत्रकारिता गरिरहेका होइनन्, राजनीतिक पार्टीको पत्रकारिता गरिरहेका छन् भन्ने भनाइहरु स्वयं पत्रकारहरुले नै चर्चा गरेको पाइन्छ "। (खनाल, ०५६,६)

कतिपय साप्ताहिक समाचारपत्रहरुमा राजनीतिक पार्टीका कार्यकर्ता प्रत्यक्ष रुपमा संलग्न हुने गरेका छन् । यो निश्चय पनि सकारात्मक दृष्टिकोण होइन । त्यसैले पनि यस क्षेत्रमा विकृति भित्रिएका गुनासाहरु नआएका होइनन् । समाचारपत्रमा राजनीतिक कार्यकर्ताहरुको संलग्नताले पत्रकारिता पेसाको स्वच्छता धमिलिएको भनाई पनि छ ।

हरेक साता आइतबारदेखि शनिवारसम्म प्रकाशित हुने साप्ताहिक पत्रिकाहरु कुनै न कुनै एउटा राजनीतिक दल, त्यस समूह वा नेतासँग आबद्ध रहेको पाइन्छ । अझ साप्ताहिक पत्रपत्रिकाको राजनीतिक सम्बद्धता वर्तमान समाजमा यति सहज भएको छ कि पाठकहरु फलाना पार्टीको

धारणा बुझ्न फलानो पत्रिका पढ्नुपर्ने अभिव्यक्ति सहजै व्यक्त गर्न सक्छन् । साप्ताहिक पत्रिकाहरुले दलगत आधारमा सोझो संलग्नता देखाएकै कारण होला, साप्ताहिक पत्रिकाहरुमध्ये धेरैलाई त अमुक पार्टीको अघोषित मुखपत्र नै मान्ने गरिएको छ । तर, पछिल्ला दिनहरुमा पार्टीहरुका मुखपत्र नभएर पार्टी नजिकको पत्रिका भन्ने धारणा विकास हुँदै गएको छ । (गाउँले, ०५६,३)

त्यसो त राजनीतिले सञ्चारक्षेत्रलाई निरन्तर रुपमा प्रभाव पारिरहेको हुन्छ । चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन् वा निजी क्षेत्रबाट, तिनीहरु राजनीतिबाट टाढा हुन सकेका देखिँदैनन् । तर, कतिपय पत्रकारहरु त राजनीतिक दलका सदस्य नै छन् । यसरी राजनीतिक दलको सदस्य भएका कारणस्वरुप पत्रकारहरु राजनीतिक आस्थाका आधारमा विभाजितसमेत छन् ।

पत्रकारहरु कुनै न कुनै पार्टीका सदस्य हुने वा उनीहरुप्रति सहानुभूति राख्ने खालका छन् । विशेषगरी यो प्रबृत्ति साप्ताहिक पत्रिकाहरुको हकमा बढी देखिने गर्दछ । हामीले कुनै पनि साप्ताहिक पत्रिकाहरुलाई हेर्‍यौं भने त्यो पत्रिका कुन पार्टीको बढी वकालत गर्छ भनेर थाहा पाउन सक्छौं । आखिर त्यस्ता पत्रिकाहरुले कुनै दलविशेषको पृष्ठपोषण गर्ने गरेका छन् । दुर्भाग्य नै हो, पत्रकारहरु आस्थाका आधारमा विभाजित भएको पाइन्छ । यतिसम्म कि तिनीहरु आफूलाई व्यावसायिक भन्न पनि रुचाउँदैनन् । उनीहरु राजनीतिक पार्टीका युनियन जस्ता देखिन्छन् । (खनाल, ०५७,१२०)

साप्ताहिक पत्रिकामा देखिएको राजनीतिकरण र दलीय आबद्धताले पनि उनीहरुको विश्वसनीयता साँच्चिकै संकटमा परेको अभिव्यक्तिहरु पनि आएका छन् । "नेपाली साप्ताहिक पत्रिकाहरुको राजनीतिक दलहरुप्रतिको बलियो आबद्धताले पनि उनीहरुको विश्वसनीयता साँच्चिकै गम्भीर संकटमा परेको छ "। साप्ताहिक पत्रिकाहरु अहिले कुनै न कुनै राजनीतिक दल र तिनका सिद्धान्तसँग जोडिएका मात्र होइनन्, पत्रकारहरु राजनीतिक दलमा आबद्ध भएकोले पनि उनीहरुको व्यावसायिक निष्ठामाथि प्रश्नचिन्ह खडा भएको छ । यतिसम्म कि पार्टीका कार्यकर्ताहरुले नै पत्रिका संचालन गरेकोले पनि पत्रकार र राजनीतिक कार्यकर्ताबीच नै फरक छुट्याउन गाह्रो परेको भनाईहरुसमेत जनसमक्ष आई परेका छन् । (मिडिया अध्ययन,२)

नेपालका धेरैजसो सम्पादक र संवाददाताहरु राजनीतिक संलग्नताप्रति प्रतिबद्ध छन् र कहिलेकाहीं तिनीहरुको गतविधि पत्रकारको रुपमा सुहाउँदो देखिदैन । पत्रकारहरुको व्यवसायिक संगठनहरुमा रहेका कतिपय पत्रकारहरु राजनीतिक दलको मनोनयनका रुपमा वा संसद्को निर्वाचनमा प्रतिस्पर्धासमेत गर्न चाहन्छन् । कतिपय पत्रकारहरु राजनीतिक दलहरुको चुनाव प्रचारप्रसार समितिमा संलग्न रहने गर्छन् । धेरै मुद्दाहरुमा त पत्रकार र राजनीतिकर्मीको फरक छुट्याउनै गाह्रो हुन्छ । (पौडेल, ०५१,२२)

पत्रकारहरुको राजनीतिक संलग्नता तथा त्यो संलग्नताबाट देखिने पूर्वाग्रहका कारण पनि साप्ताहिक पत्रिकाले पस्किने सामग्री र पाठकहरुको चाहनाबीच तालमेल हुन सकेको छैन । पाठकहरु एकातिर चाहने र पत्रिकाले उनीहरुको आकांक्षाहरु परिपूर्ति गरी सामग्री नदिंदासमेत पनि साप्ताहिक पत्रिकाहरु लोकप्रिय हुन सकेका छैनन् । आखिर निजी स्वार्थले प्रेरित खबर/विचार संग्रहित पत्रिका कसरी लोकप्रिय होउन् त ?

आजकाल पाठकहरु पत्रपत्रिकाबाट बस्तुगत, स्वतन्त्र र राजनीतिक रुपमा पूर्वाग्रही नभएको समाचार खोज्छन् । नेपालका धेरैजसो पत्रपत्रिकाहरुले राजनीतिक पार्टीको अघोषित भ्रातृसंगठनको जस्तो काम गरिरहेका छन् । त्यसैले गर्दा यसप्रति पाठकहरुको चाहना कमै मात्रामा पूरा भएको देखिन्छ । (पौडेल, ०५१,२३)

हिजो ठूलो संख्यामा विक्री हुने साप्ताहिक पत्रिकाहरुको विक्री घट्नुमा दैनिक पत्रिकाहरुको सशक्त उपस्थिति र साप्ताहिक पत्रिकाहरुमा देखिएको बढी राजनीतिक समाचारको प्रयोग नै हो भन्न सकिन्छ " । विक्रीसँगै विज्ञापनदाताहरु पनि घट्दै गए । यसले गर्दा उनीहरुको अस्तित्वमाथि नै प्रश्न उठ्यो । (गाउँले, ०५६,४)

सूचनामाथिको पहुँच कमजोर बन्दैछ, विक्रीवितरणमा संकुचन बढेको छ, विज्ञापनको उपलब्धता घटेको छ, प्रशिक्षित जनशक्तिको अभाव छ । राजनीतिक प्रभाव र प्रायोजित प्रक्षेपणको सूचना प्रवाहबाट मुक्त हुन नसक्दा विश्वसनीयतामाथि संकट पनि त्यत्तिकै कायम छ । साप्ताहिक पत्रिकाहरुको वर्तमान अवस्था चुनौतिपूर्ण मात्र होइन, जटिलतम मोडमा रहन पुगेको छ ।

बजारको संकुचन र विज्ञापनविहीनताको विस्तारले गर्दा साप्ताहिक प्रकाशनहरु जीवन मरणको दोसाँधमा पुगेका छन् । (घिमिरे, ०६१,३०)

बदलिंदो परिस्थिति र व्यावसायीकरणको प्रभावसँगैको परिवर्तित सन्दर्भमासमेत आफ्नो गन्तव्य निर्धारण गर्नुपर्ने बेला आइसकेकाले पनि साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादक भविष्यमा आइपर्ने चुनौतीहरुप्रति सचेत हुन थालेका छन् । तिनै चुनौतीहरुको सामना गर्नका लागि उनीहरु संगठित हुन थालेका छन् । यही सेरोफेरोमा वि.स. २०६२ कार्तिक २ गते काठमाडौंबाट नियमित रुपमा प्रकाशित हुँदै आएका केही प्रमुख साप्ताहिक र पाक्षिक पत्रिकाका डेढ दर्जन सम्पादक/प्रकाशकहरुको भेलाले 'साप्ताहिक पाक्षिक पत्रिका संघर्ष सञ्जाल' गठन गरी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गराएका थिए ।

वितेका १२ वर्षमा हामीले यो वा त्यो विचारको पक्षपोषण या आलोचना गर्ने क्रममा लोकतन्त्र पक्षधर दल र तिनका नेता तथा कार्यकर्ताको छवि जनस्तरमा अलोकप्रिय बनाउन नकारात्मक भूमिकासमेत निर्वाह गरेका छौं । यसका कारण लोकतन्त्रका बैरिहरुले जनअधिकारमाथि धावा बोल्ने अनुकुल परिस्थिति पाउन सके । यस्तो अवस्थाबाट पाठ सिकेर हामीले आफ्नो भूमिकालाई परिमार्जन गर्न र सच्चाउनसमेत तयार हुनुपर्छ । साप्ताहिक पत्रिकालाई व्यवस्थित तथा मर्यादित बनाउन साप्ताहिक पाक्षिक पत्रिकाहरुको सञ्जालले १५ बुँदे आचारसंहिता प्रस्ताव पारित गरेको थियो । आचारसंहिता प्रस्तावमा राजनीतिक दलप्रति पूर्वाग्रह भएर टिप्पणी नगर्ने, कसैकाप्रति कुनै पनि पूर्वाग्रह वा बदलाको भावना नराख्ने, आलोचना गर्नुपरे पनि शिष्ट भाषामा दलहरुको नीतिगत, सैद्धान्तिक एवं कार्यक्रमगत रुपहरुलाई आधार बनाएर गरिने जस्ता विषयवस्तुहरु उल्लेख गरिएको छ । तर, व्यवहारमा साप्ताहिक पत्रिकाहरुले आफ्नो राजनीतिक पूर्वाग्रह छाडेको देखिदैन । (लोकतन्त्र, ०६३,४)

राजनीतिक आस्था र पूर्वाग्रह छाड्न नसकेकै कारण साप्ताहिक पत्रिकाहरुले कुनै दलविशेष र दलको पनि गुट उपगुटको वकालत गर्दै आएका छन् । तर, सँगै राजनीतिक व्यवस्था परिवर्तनमा भने साप्ताहिक पत्रिकाहरुको भूमिका उल्लेखनीय रहने गरेको छ । लोकतन्त्रको स्थापनाका लागि पनि साप्ताहिक पत्रिकाहरुको योगदान उल्लेखनीय रह्यो । उनीहरुको विगत संघर्षशील त छ नै, साथै कमजोरी पनि नभएका होइनन् । यिनीहरुको कमजोरी भनेकै राजनीतिक रुपमा आग्रह र

पूर्वाग्रहको आधारमा समाचार सामग्री तयार गर्नु हो । राजनीतिले सञ्चारक्षेत्रलाई प्रभाव पारेको प्रत्यक्ष असर हो यो । चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन वा निजी क्षेत्रबाट, तिनीहरु राजनीतिबाट टाढा हुन सकेका छैनन् । तर, कतिपय पत्रकारहरु त राजनीतिक दल तथा तीनका भातृसंठनका सदस्य नै छन् । राजनीतिक दलको सदस्य भएकै कारण पत्रकारहरु पनि राजनीतिक आस्थाका आधारमा विभाजित छन् ।

साप्ताहिक पत्रिकाको राजनीतिकरण र दलीय आबद्धतामा कमी आएन भने उनीहरुको विश्वसनीयतामाथि साँच्चिकै संकट पर्ने सम्भावना रहेको छ । साथै साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुले पार्टीको विभिन्न तहमा रहेर काम गर्दा उनीहरुको व्यवसायिक निष्ठामाथि नै प्रश्नचिन्ह खडा हुन सक्छ । पत्रकार र राजनीतिकर्मीवीचको फरक छुट्याउनै गाह्रो पर्नु पनि सकारात्मक होइन । त्यसैले पनि पत्रकार र राजनीतिकर्मीबीच स्पष्ट रुपमा लक्ष्मण रेखा कोरिन जरुरी छ । यो कदम साप्ताहिक पत्रिकाहरुको चिरस्थायित्वमाथि नै विचारणीय पक्ष पनि हो । ( मिडिया अध्ययन,२)

## *२.१ एकपक्षीय प्रचारबारे*

मिडियाको कार्य सार्वजनिक चासोको विषयवस्तुको प्रचार-प्रसार गर्नु हो । आमसंचार माध्यमले बस्तुगत र तथ्यमा आधारित खबरको सम्प्रेषण गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता हो । सरल अर्थमा प्रचार भनेको कुनै पनि विषय या व्यक्तिका बारेमा कुनै श्रोताले लक्षित समुदाय या वर्गसम्म खबर/सन्देश पुऱ्याउने या फैलाउने काम गर्नु हो । बसन्त शर्मा नेपाल लिखित 'शब्दसागर' अनुसार 'प्रचार' को अर्थ यस्तो हुन्छ : कुनै पनि विषय या चिजलाई निरन्तर फैलाउने काम : कुनै काम या विषयवस्तुको विभिन्न माध्यमद्वारा सबैलाई जानकारी दिइने कामकाज; लोकप्रियताका निम्ति सबैतिर हल्लिखल्लि गराइने कुरा वा काम, प्रसिद्धि, ख्याति हो । उसैगरी Collins Gem Dictionary मा एकोहोरो प्रचार Propaganda लाई विज्ञापन, गलत सन्देश, उल्टो समाचार, प्रतिवेदन र प्रचार भनिएको छ । त्यस्तै Oxford Learners Dictionary मा लेखिएको छ, 'विचार तथा तथ्य जो कुनै निश्चित प्रचारका लागि लक्षित हुन्छ, खासगरी राजनैतिक । प्राय ती बंग्याइएका हुन्छन् या झुट हुन्छन् ।'

प्रचारका अनेक रुप हुन्छन् । अंग्रेजी Propaganda को नेपाली अनुवाद प्रचार नै हो । तर जुन विषयमा शोधपत्रको विषयको उठान गर्न खोजिएको छ, त्यसले आम नेपाली समाजको बुझाइको सकारात्मक प्रचार भन्दा पनि विल्कुल फरक र विपरित अर्थ लाग्ने गलत प्रचार, प्रोपागान्डा या दुस्प्रचारलाई इंगित गर्न खोजेको छ । प्रचारतन्त्र (Propaganda) अँग्रेजी शब्द भएतापनि यसले आगन्तुक शब्दको मान्यता पाएकाले प्रोपागान्डालाई त्यही रुपमा मनन गर्नु आवश्यक छ ।

लक्षित समुदायको धारणा बद्ल्ने र तिनको व्यवहारमासमेत प्रत्यक्ष प्रभाव पार्ने आशयले प्रचार गर्ने काम एकोहोरो प्रचार वा प्रोपागान्डा हो । यस्तो प्रचारमा सबै कुरा सत्य र वस्तुगत हुने गर्दैनन् । जसरी होस् जनता/पाठक र कार्यकर्ताको बौद्धिक तवरमा तिनलाई एकोहोरो बनाउनु “प्रोपागान्डिस्ट” को उद्देश्य हो । यसकारण प्रोपागान्डालाई मनोवैज्ञानिक युद्ध नामाङ्करण गरिएको छ । पहिला सकारात्मक अर्थ दिने अंग्रेजीको Propaganda लाई खासगरी द्वितीय विश्वयुद्धपश्चात नकारात्मक अर्थ लगाउन थालिएको हो । दोस्रो विश्वयुद्धमा विरोधीहरुलाई कमजोर पार्न र शिथिल पार्नकै खातिर विभिन्न युद्धमा सामेल देशहरुले एकपक्षीय र एकोहोरो प्रचारमा जोड दिएका थिए । त्यसका लागि मिडियाको सकेसम्म प्रयोग/दुरुपयोग भएको थियो । यसर्थ, संचारको कुनै पनि साधनको उपयोग गरेर धेरै व्यक्तिहरुलाई प्रभाव पार्ने काम नै प्रचारतन्त्र हो । प्रचारतन्त्रमा प्रायः राजनैतिक उद्देश्य निहित रहेको हुन्छ । नेपालमा पनि आफ्नो संगठनको प्रभाव कायम राख्न या प्रभुत्व बढाउन राजनैतिक दल र संगठनहरुले मिडियामार्फत अफवाह र भ्रमको खेती फैलाई रहेका छन् भन्ने घटना परिस्थिति सिर्जना भई आइरहेको छ । स्वयंलाईसमेत पत्रपत्रिकाको विषय अनुभुति गर्दा त्यस्तै महसुस भएको हो ।

“Propaganda - The Nation of Men's Attitudes” का लेखक Jaques Ellul लेख्छन ,‘प्रोपागाण्डा सामाजिक प्रकृया हो’ उनको भनाई छ - प्रायः समाजका धेरै व्यक्तिहरु प्रचारतन्त्रका शिकार हुन्छन् । यस सन्दर्भमा के कुरा प्रकट हुन्छ भने सत्य फरक-फरक हुन्छन् । सत्य निर्माण गरिन्छ । सत्यका अनेक रुप हुन्छन् : जस्तो कि अर्धसत्य, सीमित सत्य, ध्रबु सत्य र सन्दर्भ बाहिरको सत्य । प्रचारतन्त्रले विचार र अवधारणामा मात्र परिवर्तन गराउँछ भन्ने होइन, व्यवहारमासमेत उतारिन्छ । एल्लका अनुसार "Agitation propaganda" त्यही हो । त्यसैगरी विचारको कुनै संरचनामा लैजाने खालको प्रचारतन्त्रलाई छापाले एकीकृत प्रचारतन्त्रको संज्ञा दिएका छन् ।

'प्रचारतन्त्र र वर्तमान राजनीति'का लेखक म्याथु नमानले लेख्दछन् कि - प्रचारतन्त्र आजको अवस्थामा मानवताकै लागि चुनौती हो । यो पनि वास्तवमा वर्तमान पुस्ताका लागि प्रोपागान्डाबाट हुन सक्ने खतराप्रति एक प्रकारको खबरदारी हो । आज वास्तवमै प्रचारतन्त्रको विस्तार हुँदै गएको हो ।

उता अर्का संचारविद्को भने मौलिक धारणा छ । ज्याक्विस ड्राइन कोर्ट भन्छन कि सबै चिज प्रचारतन्त्र हो । कुरो यसो त होइन । जेसुकैलाई पनि प्रचारतन्त्र मान्ने हो भने त अन्य शब्द, विचार र व्यवहारलाई पनि त्यसैगरी जेसुकै वा पनि जे भनिदिए नि भै गयो नि ।

## २.२ एकपक्षीय प्रचार र वस्तुनिष्ठता

एकोहोरो प्रचार वा प्रोपागाण्डाकाबारेमा अघिल्लो परिच्छेदमा चर्चा भइसकेको छ । पत्रिकामा के-के हुँदा प्रोपागाण्डा हुने, के सम्बद्ध नहुँदा प्रोपागाण्डा नहुने विषयलाई भन्ने कुरोलाई अझ प्रस्ट पारौं । समाचार वा लेख एकपक्षीय छ भने त्यो प्रोपागाण्डा हो । समाचार कुनै विचार, पार्टी, संगठनको पक्षमा मात्रै केन्द्रीत छ भने त्यो गलत प्रचार हो । समाचार वा विचारमा विरोधी पक्षको आलोचना मात्रै छ भने त्यो गलत हो । विरोधी पक्षलाई गाली वा मानहानी हुने खालका शव्दहरु प्रयोग गर्नु पनि 'प्रोपागाण्डा' हो । कुनै एक पक्षको प्रशस्ती वा स्तुति गरिएको छ भने पनि त्यो 'प्रोपागाण्डिय' चरित्र भयो । भएको कुरोलाई तोडमोड गरेर नक्कली तथ्य, कम्प्युटरमार्फत भिन्नै रुप दिइएको तस्वीर र कपटपूर्ण लेख वा समाचारहरु प्रकाशन गर्नु पनि प्रचारतन्त्र नै हो ।


सारांशमा 'बस्तुनिष्ठता व्याख्या वा उपव्याख्या होइन । घटना जे जस्तो छ, त्यही रुपमा राखिनु नै बस्तुनिष्ठता हो ।' संचारविद जे रम्मेलले लेखेका छन्, खवर सम्प्रेषण गर्ने पत्रकार र सामाजिक परिचालकहरुले समाजमा देखा परेका घट्ना र परिघट्नालाई सन्तुलित रुपमा प्रस्तुत गर्नुपर्छ । तर व्यक्तिको विचार, धारणा, सँस्कृति, वैचारिक पृष्ठभूमि र उसले ग्रहण गरेको शिक्षा आदि चिजलेसमेत घट्नाप्रतिको दृष्टिकोणमा फरक पार्छ । भनिन्छ नि कुण्ड कुण्ड पानी मुण्ड-मुण्ड बुद्धि । व्यक्तिको आफ्नै आवश्यकता, धारणा र रुचि हुन्छन् साथै आफ्नै बुझाई र आफ्नै सत्य पनि ।

त्यसको भावार्थ हो सत्यबारे पनि सबैका आफ्नै धारणा हुन्छन् । जिद्धु कृष्णमूर्तिले 'इन् द गड'मा उल्लेख गरेका छन्, 'सत्य त छैन । सत्य अहिलेको तिम्रो धारणा हो, जुन केही क्षणमै बदलिन्छ ।' उत्तर आधुनिक धारणा पनि यही भन्छ कि सत्य एउटा छैन । सत्य अनेक छन् । बस्तुप्रतिको अनेक धारणा नै सत्य हो । सत्य बुझाई हो भन्ने धारणाले बस्तुनिष्ठताको हाम्रो परिभाषालाई कसरी स्विकार्ला ? ज-जसले जे परिभाषा गरे पनि समाज र सँस्कृतिले हरेक समाजमा आ-आफ्नै मूल्यमान्यता सम्वनधीका मापदण्ड निर्माण गरेका हुन्छन् । आजको उदार र लोकतान्त्रिक सामाजिक व्यवस्थाका पनि आफ्नै मान्यता र सिद्धान्त छन् । यही लोकतान्त्रिक र उदार समाजले अभिव्यक्ति गर्ने गरेको बस्तुनिष्ठता नै अन्ततः हाम्रो बुझाईको बस्तुनिष्ठता हो ।

## २.३ छापामा एकपक्षीय प्रचार

जनता वा आम पाठकलाई दिग्भ्रमित पार्ने गरी समाचार वा विचार पस्कनु नै प्रचारतन्त्र हो । यसमा एकपक्षीय दृष्टिकोण कायम हुन्छ । यसमा विरोधीलाई 'मात्र विरोधी' का रुपमा चित्रण गरिन्छ । विरोधी मतलाई नकारिन्छ । विरलै विरोधी पक्षको सकारात्मक दृष्टिकोणको उल्लेख गरिन्छ । सकारात्मक विषयवस्तु उल्टै लुकाइन्छ । आफ्नो पक्षधरताको मात्र वढी मात्रामा राम्रो कुरा गरिन्छ । आफ्नो 'वैचारिक पक्ष' को नकारात्मक चिजलाई ढाकछोप गरिन्छ । त्यसरी ढाकछोप गर्न, अरुको तेजोबध गर्न र आफूलाई उकास्न छापामा लेख छापिन्छन् । समाचार बङ्ग्याएर प्रस्तुत गरिन्छ । पछिल्लो समयमा त कम्प्युटरको प्रयोगले भए नभएका तस्वीर सामग्री जुटाएर प्रविधिमार्फत 'नक्कली तस्वीर' निर्माण गरी छापिन्छ । यदाकदा छापाहरुमा त्यस्तो भएको पाइएको छ ।

अर्न्तराष्ट्रिय छापाहरुमा पनि कहिँलेकाँही त्यस्तो हुने गरेको छ । तर यस्तो काम विरलै 'मर्यादित छापा' ले गर्दछ । तर प्रश्न हाम्रो हो । नेपालमा छापामार्फत कत्तिको 'एकपक्षीय प्रचार' भइरहेको छ ? हाम्रो अध्ययनको केन्द्रविन्दु त्यही हो । *मिडिया लुक* नामक संस्थाले २००९ मा गरेको एउटा सर्वेक्षणले के देखाएको छ भने साप्ताहिक पत्रिका (प्रायः साप्ताहिक सबै ट्याब्लोइड साइजमै छन्) हरुमा ७६% नकारात्मक दृष्टिकोणका समाचार छापिन्छन् भने २४% समाचार मात्रै सकारात्मक दृष्टिकोणबाट छापिन्छन् ।




यही एउटा अध्ययनको निचोडबाट केसम्म अनुमान गर्न सकिन्छ भने विरोधी पक्षको तेजोबध गर्ने, उसका नकारात्मक पक्ष खोतल्ने र आमजनता माझ आफ्नो पक्षमात्रै सर्वोत्कृष्ट हो भनेर स्थापित गर्ने प्रयास साप्ताहिक पत्रिकाहरुले गरिरहेका छन् । उक्त अध्ययनमा लेखिएको छ - साप्ताहिक पत्रिकाहरुले जहिले पनि नकारात्मक कुरालाई मात्रै प्राथमिकता दिने गर्छन् भन्ने आरोप लाग्दै आएको छ । त्यस्तै साप्ताहिक पत्रिकाहरुले अनावश्यक मुद्दालाई उचाल्ने र प्राथमिकता दिनुपर्ने मुद्दाप्रति ध्यान दिँदैनन् भन्ने आरोप त विज्ञहरुबाटै लागेको पाइन्छ । "आफ्नो माध्यमलाई पत्रिका र आफूलाई पत्रकार भनेर दर्ता गरेपश्चात अपनाउनु पर्ने तदनुरुपको गम्भिरता, संवेदनशीलता र उत्तरदायित्वको अभाव पनि साप्ताहिक र तिनका संचालकमा पाइन्छ । महत्व र प्राथमिकता दिनुपर्ने बिषय र मुद्दालाई उपेक्षा गरिएको र साधारण एवं महत्वहिन विषयवस्तुलाई स्थान दिइएको प्रशस्त अनुभव छ" । साप्ताहिक पत्रिकाका समाचार तथा समाचार शीर्षकमै प्रयोग गरिएका भाषाप्रति पनि बेलाबखतमा प्रश्न उठ्दै आएको छ । कुनै निहित उद्देश्यले जानीजानी कसैको चरित्र हत्या गर्ने वा उसको सामाजिक सम्मानमा आघात पुऱ्याउने किसिमका शब्दावलीहरुसमेत प्रयोग भएको पाइन्छ । (लोकतन्त्र, ०६२:१२)

त्यसैगरी यी साप्ताहिकहरुमा मुलुकको जिम्मेवार हैसियतमा कार्यरत रहेका नेता, सांसद, मन्त्री, अधिकारीहरुको आलोचना गर्दा विदेशी दलाल, देशबेचुवा जस्ता अमर्यादित शब्दहरु शीर्षकमै पनि प्रयोग हुने गरेको पाइन्छ । यो असावधानी होइन, उत्ताउलोपना हो । सीमित पत्रिकाबाट हुने गरेका यस्ता गैरजिम्मेवारीपूर्ण कार्यले सिङ्गो प्रेस जगत खासगरी साप्ताहिक पत्रपत्रिकाहरुको छवि, प्रतिष्ठा र विश्वसनियतामाथि नै गम्भिर आघात पुग्ने गरेको छ ।

## २.४ सैद्धान्तिक पक्ष

मिडियाको काम सूचना दिनु हो । शिक्षा दिनु हो । प्रोत्साहिन दिनु र मनोरञ्जन प्रदान गर्नु पनि हो । ढाँट्नु र छल्नु होइन । नीति नियम र सिद्धान्तको चर्चा परिचर्चा त हुन्छ, जतिखेर नराम्रा निर्णय या काम हुन्छन् । तर गजव के छ मानिस अरुलाई सिकाउँदा सिद्धान्त र संहिताको कुरा गर्दछन् तर जव आफु कुनै काममा संलग्न हुन्छन् तव व्यवहारिक समस्या आदि भनेर सिद्धान्तको कुरा छाडिदिन्छ । यो हाम्रो मात्रै समस्या होइन, हाम्रा जस्ता धेरै विकासन्मुख देशहरुकोसमेत साझा समस्या हो ।

अर्को चिज के ख्याल राखिनु पर्दछ भने जुन चिज कानुनसम्मत छ, त्यो नैतिक रुपमा सही नै हुन्छ भन्ने केही छैन । नैतिकता भनेको व्यक्तिगत विश्वास आर्ज गर्ने स्थिति पनि हो । के कसो गर्दा समाजलाई फाइदा पुग्छ तथा कसो गर्दा समाजको हितमा हुन्छ भन्ने चिज व्यक्ति स्वयंले महसुस गर्नुपर्‍यो । उसो त नैतिकता समाज र व्यक्ति पिच्छे नै फरक पनि हुन सक्छ ।

पत्रकारिता जगतमा आचार-संहिताको निर्माण पनि गरिएको छ, पत्रकारितालाई बस्तुगत, मर्यादित र सामाजिक रुपमा उत्तरदायित्वपूर्ण बनाउन । साप्ताहिक-पाक्षिक पत्रपत्रिका संजालले पनि त्यस्तै खालको आचारसंहितको निर्माण गरेको छ । तर खोइ त लागु भएको व्यवहारमा ? यहाँनिर सामाजिक उत्तरदायित्वको सिद्धान्त महत्वपूर्ण देखिन आउँछ । खवर लेख्ने र खवर बेच्ने पत्रकार र सम्पादकले समाजप्रतिको उत्तरदायित्व र भूमिकालाई नविर्सीकन आफ्नो काममा तल्लिन हुनु पर्दछ ।

विरोधी पक्षको बदख्वाँई गरेर अरुलाई सदैव नराम्रो देखाउने कामले न देशलाई फाइदा गर्ला, न व्यक्तिलाई । पत्रकारिताको हितको केन्द्र त आम जनता नै हो, कुनै एउटा व्यक्ति होइन । यसर्थ समाज तथा समुदाय, राष्ट्र र समग्र मानवताको हितका र पक्षमा खवर, समाचार र विचार प्रवाहित गरिनु नै पत्रकार र पत्रकारिताको धर्म हो । उसको सिद्धान्त त्यस्तै हुनुपर्दछ । यदि कानुनले उसलाई बाँधेको छैन भने पनि, उल्लेखित विचार र नैतिकताको बन्धनले आफुलाई बाँध्नुपर्दछ । अनि मात्र समाज र राष्ट्रको पक्षमा उसका कलमहरुको उपयोग भएको ठानिनेछ ।

पत्रकार आचारसंहिता, पत्रकारिताका आधारभूत मान्यता, लोकतान्त्रिक समाजका आधारभूत सिद्धान्त र व्यवहार आजको पत्रकारिता जगतले स्विकार्नु पर्ने विषय हुन् । सो चिज आचारसंहिता मान्नेलाई लाग्छ । जसले आचारसंहिता मान्दैन, उसलाई त्यो चिज लाग्दैन । सबै ठाउँमा कानुनले बाँध्न सकिदैन । व्यक्तिलाई तर्साएर कुनै नियममा रहन बाध्य पार्ने चिज त तानाशाही र निरंकुश व्यवस्था भएका देश र समाजमा मात्र सम्भव छ । यसर्थ, प्रेसका चार प्रमुख सिद्धान्तहरुमध्ये सामाजिक उत्तरदायित्व र प्रजातान्त्रिक सिद्धान्तको यथासंभव मात्रै पालना गरेमा प्रेस मर्यादित र वस्तुनिष्ठ हुन पुग्नेछ । यसर्थ, सन् १९४० मा पहिलो पटक रोबर्ट मेनिआर्ड हचिन्सद्धारा प्रतिपादित सामाजिक उत्तरदायित्वको सिद्धान्त, आज पनि उत्तिकै व्यवहारिक सिद्धान्त हो । दुष्प्रचारहरुबाट मुक्त हुन प्रेसको यो सिद्धान्त जति महत्वपूर्ण अरु सायदै होला ।

अतुलनीय परिवर्तनको संवाहक संचार माध्यम हो । संचार माध्यम स्वच्छ र जिम्मेवार नहुनु भनेको पानीको मुल नै प्रदुषित हुनु जस्तै हो । पानीको मुल प्रदुसित हुँदा जसरी सारा धाराहरुमा फोहर पानी पुग्दछ, त्यसैगरी संचारका साधनहरु गैरजिम्मेवार भइदिँदा सिंगो समाज नै अनेक द्धन्दको दुस्चक्रमा फस्ने सम्भावना रहन्छ । यसर्थ, आम पाठक र श्रोताको भावना बुझेर, देश र राष्ट्रियताप्रति सम्वेदनसिल बनेर छापा वा विद्युतिय माध्यमले अत्यन्त मर्यादित र जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ ।

# अध्याय - ३

## ३. अनुसन्धान विधि (Research Methodology)

यो अनुसन्धानका लागि विषय वस्तु विश्लेषण विधि अपनाइएको छ । साप्ताहिक पत्रिकामा आउने एकपक्षीय समाचारको विश्लेषण विषय वस्तु विश्लेषणबाट मात्र बुझ्न सकिए । नेपालमा २३६६ साप्ताहिक पत्रिकाहरु छन् (प्रेस काउन्सिल २०६९)। ती मध्ये क वर्ग साप्ताहिक पत्रिका लिइएको हो । यी सबैलाई प्रतिनिधि गर्ने गरी देशान्तर, जनादेश र छलफल पत्रिका छनोट गरिएको हो ।

काठमाडौं उपत्यकाबाट प्रकाशित भइरहेको प्रमुख तीन साप्ताहिक पत्रिकाहरुको विषयबस्तु अध्ययनबाट गरिएको हो । तीनवटा प्रमुख साप्ताहिक पत्रिकाहरु, जो देशमा रहेका खास तीनथरी राजनैतिक रुपमा निकट रहेका छन् । तिनैको सेरोफेरोमा यो अध्ययन घुमेको छ । जनादेशलाई एमाओवादी, देशान्तरलाई काँग्रेस तथा छलफललाई एमाले निकट मानिने साप्ताहिक पत्रिका भनी बुझिएकोले तीन मुख्य राजनीतिक दलका पत्रिकाहरु छनौट गरेको छु ।

छानिएका तीनैवटा पत्रिकाका तीन महिनाको नियमिति अंकहरु संकलन गरे र त्यसको पहिलो पेजको सबै समाचारलाई नमुनाका रुपमा लिइएको छु । छानिएको अंकहरुको गुणात्मक तथा संख्यात्मक मूल्याङ.कन गरिएको छ । यसका लागि २०६८ सालको मंसिर, पुष र माघ महिनाका जनादेश, *देशान्तर र छलफल* अध्ययन गर्ने काम गरियो । *विभिन्न ठाउँबाट* उक्त पत्रिकाहरु संकलन गरिसकेपछि विषयबस्तु विश्लेषण गर्ने काम गरियो । यसका लागि करिब दुई हप्ताको समय लाग्यो । यसका अलावा अनुसन्धानलाई थप मजबुत पार्न पत्रिकाका सम्पादकहरुसँग कुराकानीसमेत गरियो । उहाँहरुलाई तयार पारेको प्रश्नावली दिई भर्ना पनि लगाइयो ।

### ३.१ अध्ययनको सिमा

यो अध्ययनमा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने तीन वटा साप्ताहिक पत्रिका समावेश गरेको छ । उपत्यकाबाट प्रकाशित सबै र मोफसलबाटसमेत प्रकाशित हुने पत्रिकाहरुलाई समावेश गर्न

नसकिएकोले यो अध्ययनले समग्र नेपाली पत्रकारिता क्षेत्रको तथा नेपालका सबै पत्रिकाहरुको वैचारिक स्थितिको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

## ३.२ शोधको संगठन

यस अध्ययनलाई आठ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमि राखिएको छ । यस शीर्षक अन्तर्गत नेपालमा पत्रकारिताको विकासक्रम, साप्ताहिक पत्रिका र राजनैतिक पत्रकारिताको उदय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा अध्ययनको सिमालाई समावेश गरिएको छ ।

दोस्रो अध्ययनमा सन्दर्भ सामग्रीको पुनरावलोकन र तेस्रो अध्ययनमा चाहिँ अध्ययन विधिलाई राखिएको छ । यसैगरी अध्याय चारमा पुनरावलोकन र विश्लेषण गरिएको छ । यस अन्तर्गत पुनरावलोकन, एकपक्षीय प्रचारबारे जानकारी, एकपक्षीय प्रचार र वस्तुनिष्ठता, छापामा एकपक्षीय प्रचार तथा सैद्धान्तिक पक्ष उप शीर्षक सामग्री छन् ।

अध्याय पाँचमा सर्वेक्षणको परिणाम प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय छ मा विषयवस्तुको विश्लेषण राखिएको छ । यस पद्धतिबाट जनादेश, देशान्तर र छलफल साप्ताहिक पत्रिकाहरुको विषयवस्तु विश्लेषण गरिएको छ । साथै यसको अन्त्यमा समग्रमा विषयवस्तुको विश्लेषण प्रस्तुत गरिएको छ । अध्याय सातमा निष्कर्ष र सुझाव छन् । अध्याय आठमा सन्दर्भ सामग्रीहरु छन् ।

# अध्याय - ४


## ४. विषयबस्तु विश्लेषण (Content Analysis)

एक पक्षीय समाचारको अध्ययन विषयबस्तु विश्लेषणबाट मात्र सम्भव हुने भएकाले अध्ययनमा सोही विधि अपनाइएको थियो । विषय बस्तु विश्लेषणका लागि काठमाण्डौ उपत्यकाबाट प्रकाशित हुने "क" वर्गका तीन वटा फरक राजनीतिक विचार बोक्ने पत्रिकाहरु देशान्तर, जनादेशर छलफल साप्ताहिक पत्रिकाहरु छानिएको थियो । यी पत्रिकामा प्रकाशित पहिलो पेजको समाचारमा रहेका असन्तुलित सामाग्री, पक्षगत धारणा तथा भाषाको अध्ययन गरिएको थियो । अध्ययनमा समाचार सन्तुलित रहे नरहेको पहिचान गरिएको थियो । समाचार एउटै पार्टीको पक्षमा मात्र लेखिएको र अन्यलाई आरोप मात्र लगाइएको अवस्थामा असन्तुलित भनिएको थियो र यसैका आधारमा असन्तुलित भन्ने मापदण्ड लागू गरिएको थियो ।

### ४.१ साप्ताहिक पत्रिकाको छुट्टाछुट्टै विश्लेषण


**जनादेश साप्ताहिक**

समाचार जति काठमाण्डौ केन्द्रित





जनादेश साप्ताहिक पत्रिकामा प्रकाशित समाचारहरु मध्ये ६७% काठमाण्डौ केन्द्रित समाचार आएको पाईन्छ भन्ने ३३% मौफसलका समाचारहरुले प्राथमिकता पाएको छ । यसको मतलव पत्रिकामा बढी मात्रामा काठमाण्डौका समाचारहरुले स्थान पाएको छ ।

असन्तुलित समाचार धेरै





यसरी अध्ययन गरिएकोमा ९०% असन्तुलित समाचार र मात्र १०% समाचारहरु सन्तुलित भएर प्रकाशित भएको पाइन्छ। यसबाट के थाहा पाउन सकिन्छ भन्ने साप्ताहिक पत्रिका प्रकाशित हुने समाचार धेरै मात्रामा आफ्नो कुरालाई मात्र राम्रो भएको जानकारी दिन खोजेको पाईयो । अरुको विचारलाई नसमेट्ने देखिएको छ यस अध्ययनले बुझाउन्छ।

समाचारमा आमुख





साप्ताहिक पत्रिकाको समाचारमा आमुखमा रहेको सन्तुलन र कुनै पनि समाचारमा के,किन,कसरी,कहिले,कहाँ,कसरी त्यो छ की छैन हेरिएको थियो जसमा ९०% छैन मात्र १०% समाचारमा यसको प्रयोग गरिएको पाइन्छ।

समाचारभन्दा विचार धेरै





सामाचारमा शत प्रतिशत आफ्नो विचार राखेको पाइन्छ । यसको मतलब सबै समाचारमा आफ्नै कुरा मात्र राखेको पाइन्छ र यसको साथसाथै हरेक अंकमा आफ्नो पार्टी कुनै न कुनै राजनीतिज्ञले आफ्नो विचार राखेको पाईयो ।

श्रोतको प्रयोग




समाचारमा प्रायजसो सबैमा श्रोतको प्रयोग गरिएको छ । यस पत्रिकामा १००% श्रोतको प्रयोग भएको पाईयो ।


समाचारमा विपक्षीको आलोचना नै धेरै




यस पत्रिकामा ९०% आलोचित समाचार प्रकाशित भएको पाइयो र बाँकी १०% मात्र समालोचित समाचार छापिएको पाईयो । यसले के थाहा पाउन सकिन्छ भन्ने अरु पार्टीहरुले गरिएका राम्रा कुराहरुको राम्रो तरिकाबाट नछापिकन जहिले पनि आलोचना गरेर मात्र समाचार प्रकाशित गरिएको पाईयो ।


**देशान्तर साप्ताहिक**

समाचार काठमाण्डौ केन्द्रित धेरै





पत्रिकामा ९४% काठमाण्डौको समाचारले ठाउँ पाइयो  भन्ने ६% मात्र समाचार मोफसलले स्थान पाईयो । यसबाट के थाहा पाउन सकिन्छ भन्ने यो पत्रिका काठमाण्डौ केन्द्रित भएको आभास हुन्छ । काठमाण्डौमा भएका सबै खालको समाचारले ठाउँ पाएको छ भन्ने बाहिरको समाचारलाई समेट्न नसकिएको पाईयो ।

धैरे मात्रमा असन्तुलित समाचार





यसमा ७५% असन्तुलित समाचार प्रकाशित भएको पाईयो र जम्मा २५% सन्तुलित समाचार छापिएको पाईयो ।

समाचारको आमुखमा रहेको सन्तुलन





साप्ताहिक पत्रिकाको समाचारमा आमुखमा रहेको सन्तुलन र कुनै पनि समाचारमा के,किन,कसरी,कहिले,कहाँ,कसरी त्यो छ की छैन हेरिएको थियो जसमा १००% नरहेको पाईयो ।

समाचार भन्दा विचार धेरै





यस पत्रिकामा जम्मा ८०% विचार छापिएको पाईयो र बाँकी २०% मात्र समाचार छापिएको पाईयो । यसले आफ्नो विचार मात्र प्रकाशित नगरी समाचार पनि समावेश गरिएको छ । जसले थोरै मात्रामा भए पनि अरु पार्टीको विचारहरुलाई पनि समावेश गरी प्रकाशित गरिएको पाईयो ।

समाचारमा श्रोत प्रयोग




यस पत्रिकाले आफ्नो श्रोतको प्रयोग गरिएको पाइएन । शत प्रतिशत श्रोतको प्रयोग गरिएको छैन । मात्र आफ्नो संबाददाता भनेर श्रोतलाई देखाइएको पाईयो । यसको मतलब आफ्नो समाचारको श्रोत आफ्नै कार्यकर्ता वा काम गर्ने पत्रकारहरु वा आफ्नो नजिकको साथी भाईहरु भएको मान्न सकिन्छ ।


विपक्षीको आलोचना नै धेरै




यस पत्रिकामा ७३% आलोचित समाचार प्रकाशित गरिएको पाईयो र बाँकी २७% समालोचित समाचार प्रकाशित भएको पाईयो ।


**छलफल साप्ताहिक**

समाचार जति काठमाण्डौ केन्द्रित





पत्रिकामा ८९% काठमाण्डौको समाचारले ठाउँ पाइयो  भन्ने मात्र ११% मोफसल समाचारले स्थान पाईयो । यसबाट के थाहा पाउन सकिन्छ भन्ने यो पत्रिका काठमाण्डौ केन्द्रित भएको आभास हुन्छ । काठमाण्डौमा भएका सबै खालको समाचारले ठाउँ पाएको छ भन्ने बाहिरको समाचारलाई समेट्न नसकिएको पाईयो ।

## धेरै मात्रमा असन्तुलित समाचार





यसमा ७५% असन्तुलित समाचार प्रकाशित भएको पाईयो र जम्मा २५% सन्तुलित समाचार छापिएको पाईयो ।

## समाचारमा आमुख





साप्ताहिक पत्रिकाको समाचारमा आमुखमा रहेको सन्तुलन र कुनै पनि समाचारमा के,किन,कसरी,कहिले,कहाँ,कसरी त्यो छ की छैन हेरिएको थियो जसमा ८३% छैन मात्र १७% समाचारमा यसको प्रयोग गरिएको पाइन्छ ।

समाचार भन्दा विचार धेरै





पत्रिकामा १००% विचारको प्रयोग गरिएको छ । हरेक अंकमा कसै न कसैको विचार समावेश भएको छ ।

समाचारमा श्रोत प्रयोग




यस पत्रिका श्रोतको प्रयोग गरिएको पाइएन । यसको मतलब कुन समाचार कसले लेखेको भनेर पाठकले थाहा पाउन सकिदैन । आफ्नो समाचारमा कसैको श्रोत नखोल्नाले लेखकलाई हुन सक्ने अफठ्यारो बाट बच्न सकिन्छ ।


विपक्षीको आलोचना




पत्रिकामा ५३% समालोचना समाचारले स्थान पाईयो भन्ने ४७%ले आलोचित समाचार प्रकाशित भएको पाईयो । यस पत्रिकाले विपक्षको आलोचना भन्दा समालोचना समाचार धेरै पाईयो । मात्र ३% फरक भएको छ । यस पत्रिकाले आलोचना मात्र गरिएको छैन ।


## ४.२ साप्ताहिक पत्रिकाहरुको समग्र विश्लेषण

आलोचना र समालोचना समाचार





यी तीन साप्ताहिक पत्रिकाहरुको विषयबस्तु अध्ययन गर्दा समग्रमा आलोचित समाचारहरु केही मात्रामा मात्र वढी पाईयो । यस अध्ययनबाट छलफल पत्रिकामा अन्य दुई साप्ताहिक पत्रिका दाजोमा बढी समालोचित समाचार प्रकाशित गरिएको पाईयो ।

सन्तुलन र असन्तुलन समाचारहरु





यी तीन साप्ताहिक पत्रिकाहरुको विषयबस्तु अध्ययन गर्दा समग्रमा असन्तुलित समाचारहरु नै धेरै पाइयो । यस अध्ययनबाट जनादेश पत्रिकामा अन्य दुई साप्ताहिक पत्रिका दाजोमा बढी असन्तुलित समाचार प्रकाशित गरिएको पाईयो ।

समाचारमा श्रोत प्रयोग





यी तीन साप्ताहिक पत्रिकाहरुको विषयबस्तु अध्ययन गर्दा समग्रमा हेर्दा धेरै जसो समाचारहरुमा श्रोतको प्रयोग गरिएको पाइएन । यस अध्ययनबाट जनादेश पत्रिकामा दाजोमा लगभग सम्पुर्ण समाचारहरुमा श्रोतको प्रयोग भएको पाइन्छ भन्ने अन्य दुई साप्ताहिक पत्रिकाहरुमा कुनै पनि समाचारमा श्रोतको प्रयोग भएको पाइएन ।

विचारको प्रयोग





यी तीन साप्ताहिक पत्रिकाहरुको विषयबस्तु अध्ययन गर्दा समग्रमा हेर्दा प्रायजसो पत्रिकामा समाचारहरु भन्दा विचारको प्रयोग गरिएको पाईयो । यस अध्ययनबाट देशान्तर पत्रिकामा केही समाचारहरुमा विचारको प्रयोग भएको पाइएन भन्ने अन्य दुई पत्रिकाहरुमा विचारको प्रयोग भएको पाइयो ।

समाचारको आमुखमा रहेको सन्तुलन




यी तीन साप्ताहिक पत्रिकाहरुको विषयवस्तु अध्ययन गर्दा समग्रमा हेर्दा प्रायजसो पत्रिकामा समाचारहरुमा आमुखको सन्तुलन नपाइएको देखियो । यस अध्ययनबाट देशान्तर पत्रिकामा कुनै पनि समाचारहरुमा आमुखको सन्तुलन भएको पाइएन भन्ने अन्य दुई पत्रिकाहरुमा केही मात्रामा आमुख प्रयोग भएको पाइयो ।

काठमाण्डौ केन्द्रित समाचार




यी तीन साप्ताहिक पत्रिकाहरुको विषयवस्तु अध्ययन गर्दा समग्रमा प्रायजसो काठमाण्डौ केन्द्रित समाचारहरु पाइयो । यस अध्ययनबाट जनादेश पत्रिकामा केही वढी मात्रामा मोफसलका समाचारहरु प्रकाशित भएको पाइयो ।

## ४.३ देशान्तर साप्ताहिक

४ मंसिर २०६८ आइतबार वर्ष २९ अंक २९ को अंक थियो त्यो । यो अंकमा व्यानर न्यूज बनाइएको छ । देशान्तर विशेष सम्वाददाताबाट लेखिएको समाचार हो यो । शीर्षक छ, सता गठनवन्धन टिक्नको लागि नौटंकी गर्दै । समाचारका टेक्स्ट पढ्दै जाँदा माओवादी उपाध्यक्ष डा बाबुराम भट्टराईले सता टिकाउन नौटकी गरेको उल्लेख छ । त्यसमा राजीनामा नदिई सता टिकाउने खेल भएको उल्लेख छ । यो समाचारको सुरुको लिड यस्तो थियो, सता गठवन्धनका दलहरु नौटकी देखाएर सता टिकाउने हदसम्मको कसरतमा लागेका रहेन्छन् भन्ने पुष्टी भएको छ । सरकारसँग नैतिकता रहेको भए प्रधानमन्त्री बाबुराम भट्टराईले राजीनामा दिएमा आज तेश्रो दिन हुने थियो । सरकार आफैंले प्रस्तुत गरेको विधेयक संसदले अस्वीकार गर्दा पनि सरकार चलिरहेको छ । राजनीतिमा यो भन्दा विडम्बनाको विषय अरु नहोला । आफैंले पेश गरेको विधयेक फिर्ता लिनु भनेको सरकारबाट सरकार अस्वीकृत हुनु ने हो भन्ने कुरा पुष्टी भएको छ । समाचारको यो आमुख हेर्देमा डा भटराईको नेतृत्वको सरकारलाई सताबाट फाल्नुपर्ने अप्रत्यक्ष माग उठेको देखिन्छ । लेखाईमा यतिसम्म कन्जुस्याई भएको देखियो कि डाक्टर शव्द नै हटाइएर बाबुराम नाम मात्रै राखिए ।

कभर पेजकै अर्को एउटा समाचार माओवादी मन्त्रीहरुले पैसा कमाउन अनेक कसरत गरेको समाचार छापिएको छ । कहाँ छ यार्चागुम्बाको करोडौं कमाई शीर्षकमा राखिएको यो समाचारमा मितव्ययी प्रधानमन्त्री भटराई सरकारमा सामेल मन्त्रीहरुले सम्पती कमाउने ध्याउनमा गरिरहेको समाचार छापेको छ । समाचारको टेक्स्ट पढ्दा ठाउँ ठाउँमा अनेक शव्दहरुले मनपर्नेलाई उचाल्ने र मन नपर्नेहरुलाई थचार्ने शव्दहरु लेखिएको भेटिन्छन् । मितव्ययी, गरिव देशका धनी मन्त्रिलगायतका विभिन्न विशेषणहरु जवरजस्त भिडाइएका छन् । यो समाचारमा माओवादी नेता वर्षमान पुनलगायतका मन्त्रीहरुकाविरुद्ध समाचार प्रस्तुत गरिएका छन् ।

पहिलो पेजमै विद्धान प्रधानमन्त्रीको कूटनीतिक अज्ञानता प्रमको अज्ञानता भन्दै उजागार गर्ने प्रयास गरिएको छ । प्रचण्डप्रति भटराई सशंकित शीर्षकको समाचारमा प्रचण्ड र भटराईलाई जुधाउने प्रयास गरिएको भेटिन्छ । सरकारलाई सर्वोच्चको अर्को झापड भनी अर्को एउटा समाचार कलरमा राखिाएको छ । साथै गरिव देशका करोडपति मन्त्री भनी सरकारमा सहभागी नेताहरु वर्षमान पुन, विजय गच्छेदार, हृदयश त्रिपाठीको फोटोहरुसमेतको समाचार राखिएका छन् ।

भित्र पेजमा कांग्रेसका नेता विनयध्वज चन्दको अन्तर्वार्तालाई विशेष महत्वकासाथ छापिएको छ, जसकोबारेमा पहिलो पेजमा आँखीझ्यालमासमेत राखिएको छ । यस्तै यही अंकको अन्तिम पृष्ठमा बम्हलुटमा कीर्तिमानी डा भटराई भनी कलर दिएर समाचार छापिएको छ । साथै सरकारमा कति छन् हत्यार भनी माओवादी नेतृत्वको सरकारलाई हत्यारा सरकारको रुपमा प्रस्तुत गर्ने प्रयास समाचारमा गरिएको छ ।

११ मंसिर अंकमा पनि सर्वोच्चको फैसला माओवादीलाई जड्का शीर्षकमा व्यानर समाचार छापिएको छ । साथै यही समाचारमा संवैधानिक रुपले सही फैसला भनी हरिहर दाहालको अन्तर्वार्ताको शीर्षक राखिएको छ । यसरी समाचारले सर्वाच्चको फैसलाईलाई सही थापेर माओवादी नेतृत्वको सरकारलाई अप्ठेरोमा पार्ने प्रयास गरिएको छ । समाचारभित्र संविधान बनाउन लाग्नुपर्ने संविधानसभालाई सताको लुछाचुडीको अल्झाइएको लेखिएका छन ।

पहिलो पृष्ठमै फिर्ता लगनै फेरि कव्जा शीर्षकमा बदिर्याको समाचार छापिएको छ । समाचारमा दलहरुबीच भएको सातबुँदे सहमतिअनुसार माओवादी कव्जामा रहेका घरजग्गा सम्पती फिर्ताको कार्य सुरु हुन नपाउँदै पुन कव्जा हुन थालेको समाचार छ ।

यो अंकका तीन पेजमा काँग्रेस प्रवक्ता अजुर्ननरसिंह केसीको अन्तर्वार्वा छापिएको छ । साथै संघर्षको कसीमा कांग्रेसभित्रको किचलो शीर्षकमा विश्व घिमिरेको विचार छापिएको छ । पृष्ठ पाँचमा केदार सुवेदीको साता प्रसंग छापिएको छ । त्यहाँ कम्युनिस्ट शाशणको चीनलाई बदनाम गराउने अभिप्राय गरिएका छन् । प्रधानमन्त्री संसारकै धनी जनता ससारकै गरिव भनी शीर्षक राखिएको छ । त्यहाँ चीनका प्रधानमन्त्रीको फोटो पनि राखिएको छ ।

अन्तिम पृष्ठमा यस्तो छ बाबुरामको सुशासन भने शीर्षकमा जनतालाई राहत दिने घोषणा गर्ने प्रंधानमन्त्री भटराईले राहत नभई आहत पयाउने काममा क्रियाशिल रहेको उल्लेख छ ।

मंसिर १८ अंकमा मुस्ताग चढ्ने भटराईको भ्रष्टाचारमा किर्तिमान शीर्षकमा प्रधानमन्त्री बाबुराम भटराईको व्यक्तित्वलाई नै नकारात्मक सन्देश जाने गरी पेलेरै समाचार लेखिएको छ । देशान्तर विशेष सम्वाददाताबाट लेखिएको यो समाचारमा बाबुराम भटराईको गाडी नजिकै बसेको फोटोसहितको स्केच छापिएको छ । त्यही समाचारमा लडाकुको नाममा राज्यकोषको लुट शीर्षकमा कांग्रेस नेता डा रामशरण महतको अन्तर्वार्ता पनि छापिएको छ ।
स्वरोजगारमा माओवादी एमाले मिलिभगत शीर्षकमा सरकारले ल्याएको स्वरोजगार कार्यक्रममा माओवादी र काँग्रेसले वदनियत गरेको उल्लेख छ ।

पृष्ठ तीनमा कसैले चाहँदैमा समायोजन हुने संख्या वढ्दैन शीर्षकमा एमाले नेता भीम रावलको अन्तर्वाता छापिएको छ । प्राय सधै कांग्रेस नेताहरुको अन्तवार्ता छाप्ने गरिएको यो पृष्ठमा यो पटक भने एमाले नेताको फोटासहितको अन्तवार्ता छापिएको छ । यो अन्तवार्ता माओवादीले समायोजन गर्न माग गरेअनुसारको सेना समायोजन गर्न नदिने अभिप्राय अन्तवार्तामा गरिएको छ । सायद यही भएर नै एमाले नेताको भएपनि अन्तवार्ता छापिएको, माओवादीलाई पछार्न ।
पत्रिकाको अर्को पृष्ठमा प्रम भटराईले अचाक्ली भ्रष्टाचार गरेको भन्दी स्तम्भकार केदार सुवेदीको लेखलाई विशेष प्राथमिकता दिइएको छ । शीर्षक यस्तो छ , प्रम भटराई  दिन सय भ्रष्टाचार दुई

सय १ भनी पहिलो लेख सुरु गरिएको छ । तर यही हप्ताको जनादेशमा भने यसको ठिक उल्टो भ्रष्टचारविहीन सरकार भनी समाचार छापिएको छ । आखिर कुन सही हो ठम्याउनै गाह्रो । पत्रिकाको अन्तिम पृष्ठमा प्रचण्डलाई बौद्धमार्गीहरुको चुनौती शीर्षकमा समाचार छापिएको छ । यसरी यो अंक पनि कसैलाई उचाल्ने भन्दा पनि माओवादीलाई थचार्ने मिडिया कन्टेन्ट देखिएका छन् ।

२५ मंसिर यो अंकमा माओवादी अल्मल्याउने रणनीतिमा शीर्षकको समाचारलाई व्यानर बनाइएको छ । माओवादीलाई शान्ति र संविधान देखाउने दाँत मात्रै हुने भएको पुष्टी भएको समाचारमा लेखिएको छ । साथै यसमा कांग्रेसकै नेतृत्वमा सहमतिको सरकार शीर्षकमा कांग्रेस सभापति शुशील कोइरालाको अन्तवार्ता छापिएको छ । यो समाचारले माओवादी नेतृत्वको सरकार ढाल्ने नियत राखेको देखिन्छ ।

यही पृष्ठमा भोलि कांग्रेस सभासद भेला भनी समाचार राखिएको छ । जानकारीमुलक यो समाचार न्यूज भ्यालुको हिसावले सामान्य भएपनि प्राथमिकतामा पहिलो पेजमा राखिएको छ ।

यो अंकमा माओवादी कति ढांट्छ भनी माओवादी पार्टी ढटुवा पार्टीको रुपमा विचार पोखिएको छ । अन्तिम पृष्ठहरुतिर लेखिएको छ, जनतालाई यति खुला रुपले ढाटने दलले त्यही जनताको हित गर्छ भनी अपेक्षा गर्नु विडम्बनाकै विषय हुन्छ ।

नियमित जस्तै तीन पृष्ठमा कांग्रेस नेता दीपकुरमा उपाध्ययको अन्तर्वाता छापिएको छ । साथै बाबुराम सरकारले ढाड सेक्ने गरी महँगो गरेको समाचारलाई उच्च प्राथमिकताका साथ चार पृष्ठमा छापिएको छ । पृष्ठ पाँचमा प्रम भटराई दिन सय भ्रष्टाचार दुई सय शीर्षककै केदार सुवेदीको साता प्रसंगलाई दुई भागको रुपमा निरन्तरता दिइएको छ । यसबाट के प्रष्ट हुन्छ भने यही शीर्षकको लेखलाई नितरन्तरता दिँदै बाबुराम सरकारलाई वदनाम गराउने अभिष्ट यसले राखेको देखिन्छ ।

अन्तिम पृष्ठमा पर्यटन वोर्डमा हिसिलाको छायाँ शीर्षकमा पर्यटन वोर्डमा माओवादी नेतृ हिसिला यमीले हस्तक्षेप गरेको उल्लेख छ । साथै प्रचण्ड सर्वाधिक सुविधाभोगी शीर्षकमा प्रचण्डको

समाचार लेखिएको छ । साथै फरार अपराधीलाई माओवादीको धाप शीर्षकमा माओवादीले अपराधीलाई जोगाउने खोजेको समाचारलाई कलरमा प्राथमिकताकासाथ स्थान दिइएको छ ।

## ४.४ जनादेश साप्ताहिक

मंसिर एक महिनाको पत्रिका लिने क्रममा सवैभन्दा पहिला जनादेश साप्ताहिक हेर्न पुगें । वर्ष २० अंक १ को पत्रिको थियो त्यो । पहिलो पेजको माथिबाट हेर्ने क्रममा पत्रिकाको मास्टहेडको सवैभन्दा माथि नै क्रान्तिकारी आवाज लेखिएको छ । यसबाट पत्रिकाको नाम नै क्रान्तिकारी आवाज जनादेश नामाकरण गरिएको छ । पत्रिकाको मास्टहेडबाटै यो कम्युनिष्ट पार्टीको पत्रिका हुनुपर्छ भनेर सहजै अनुमान लगाउन सक्छौं । यो अंकमा सवैभन्दा माथि पूरै व्यानर न्यूज छ । जुन कलरमा छ । त्यहाँ तत्कालिन प्रधानमन्त्री (हाल पनि) डा बाबुराम भट्टराईको फोटो राखिएको छ । त्यो पनि ठूलो आकारमा । कोट लगाई गलवन्दी बेरेर बसेको प्रधानमन्त्री डा. भट्टराईको फोटोलाई यसरी प्राथमिकतामा राखिएको छ कि त्यसको शव्दमा व्याख्यै गर्न कठिन भयो । प्रधानमन्त्रीको फोटो मासहेड सरह पुग्ने गरी प्राथमिकतामा राखियो । मानौ प्रम ईश्वर हुन् । यतिसम्म प्राथमिकतामा राखियो कि त्यो फोटोका कारण त्यो पत्रिकाको कुन मितिको त्यो सम्म थाहा पाउन सकिएन । फोटोले ढाकेर त्यो कुन मितिको पत्रिका हो, थाहा नै पाउन सकिएन । मंगलबारको पत्रिका हो सम्म थाहा हुने गरी मंगलबार मात्रै देखिएको थियो । बाँकी वर्ष, अंक, मिति सवै छोपिएको थियो फोटोले ।

त्यो अन्तर्वाता समाचारमा ठूला ठूला अक्षरमा केही संक्षेपीकरणमा मात्रै लेखिएका छन् । त्यसको शीर्षक दिइएको छ, म जनतालाई निराश हन दिने छैन । शीर्षक हेर्दै प्रधानमन्त्री भटराई जनताका साँचिकैका सुभचिन्तक हुन् । त्यो समाचारका लिडमा प्रधानमन्त्री डा बाबुराम भटराईले प्रतिगामी र प्रतिक्रान्तिकारीहरुले आफ्नो सरकारविरुद्ध जनतालाई जुनसकै भ्रममा पार्न खोजेपनि आफू जनतालाई निराश हुन दिने पक्षमा नहरेको बताउनुभएको छ भनी लेखिएको छ । अन्तवार्ताको बाँकी पृष्ठ तीनमा भनी न्यूजलाई जम्प गरिएको छ ।

यही अंकको दोश्रो मुख्य समाचारमा भ्रष्टाचार नियन्त्रण गर्न सरकारको सक्रियता भनी सरकारले राम्रो काम गर्न खोजेको देखाउन खोजेको छ । त्यही समाचारको लिड हेर्दै अच्चम लाग्दो थियो कि त्यहाँ प्रधानमन्त्रीलाई विशेषण भराइएको छ । लेखिएको छ, नेपालका अन्य सवै प्रधानमन्त्री

भन्दा फरक पहिचान बनाउनुभएको प्रम भट्टराईले । यस्तै त्यही अंकका के भन्छन् जनयुद्धका घाइते अपांग जनसेना भनी जनयुद्धकर्मीहरुको समाचारलाई कलरमा राखेर महत्व दिइएको छ । दुई पेजमा नवराज सुवेदीको लेख छापिएको छ । सुवेदी माओवादी नेता हुन् । तीन पेजमा डा भटराईको अन्तर्वाता छापिएको छ । त्यस्तै साहित्य कलामा जनादेशको योगदान १ भनी राजबहादर कुँवरको साहित्य कला भनी राखिएको छ । साथै सलाम कृष्ण सेन दाइलाई शीर्षकमा गोरीकला विकको लेख राखिएको छ । सेन माओवादी नेता एवं यसै पत्रिकाका पूर्वसम्पादकसमेत हुन् । त्यही अंकमै माओवादी निकट मानिने पत्रकारहरु गोविन्द आचार्य, ओम शर्माको लेख प्रकाशित गरिएको छ । अन्तिम पेजमा कव्जा जमिन फिर्ता शीर्षकमा समाचार राखिएको छ ।

२०६८ मंसिर १३ गतेको अंकमा संविधानसभाको म्याद छ महिना थप, शान्ति र संविधानको कार्यभार यसै सरकारले पूरा गर्ने, भटराई नेतृत्वमा राष्टिय सरकार भन्ने भन्ने शीर्षक राखी मुख्य समाचार बनाइएको छ । यसमा संविधानसभा भबनको फोटोसहित भटराई सरकारलाई वढाईचढाई गरी समाचार छापिएको छ । समाचारको एक ठाउँमा लेखिएको छ , वर्तमान सरकारले आफनो एक सय दिन नपुग्दै शान्ति प्रक्रिया पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यही अंकको माथिको एक कोलममा भने नेपाली काँग्रेसको कलहलाई उदंग्याउन खोजिएको छ । शीर्षक लेखिएको छ, नेपाली काँग्रेसभित्रको कलह उत्कर्षमा । भित्र लेखिएको पढ्दा मानौ काँग्रेसभित्र ठूलो भुइचालो नै आएको छ । र कांग्रेस अव फुट्छ नै भन्ने भान हुन्छ ।

पत्रिकाको दुइ पेजमा छ महिना विवाद नगर भने शीर्षकमा सम्पादकीय लेखिएको छ । यसबाट भटराई सरकारलाई अवरोध नपुयाउन आग्रह गरिएको छ । यही अंकमा माओवादीबाट भूमिसुधार मन्त्री भएका भीमप्रसाद गौतमको अन्तर्वार्तालाई ठाउँ दिइएको छ । त्यस्तै एमाओवादीका सभाषद् खिमलाल देवकोटाको अन्तर्वार्ता पनि प्रकाशित गरिएको छ । त्यस्तै वर्तमान परिस्थिति र माओवादीको जिम्मेबारी शीर्षकमा माओवादी नेता गिरिजामणि पोखरलेको विचारलाई स्थान दिइएको छ । यी मिडिया कन्टेन्टहरुबाट लाग्छ, यो पत्रिका माओवादीहरुको भएभरका नेता कार्यकर्ताहरुको अन्तर्वार्ता छाप्न, लेख रचना छाप्नका लागि प्रकाशित गरिएको हो ।

त्यस्तै राज्यमन्त्री दोगलाई सम्मान गरेको समाचार प्रकाशित गरेको छ । पत्रिकामा माओवादी निकटमा पत्रिकाहरु प्रकाशित भएको विज्ञापनसमेत राखिएका छन् ।

यस अंकमा छिटै राष्टिय सरकार वन्छ  प्रम भन्दै प्रधानमन्त्रीको भनाईको समाचारलाई मुख्य समाचार बनाइएको छ । यही समाचारमा सरकारको सय दिन  सफलता धेरै कमजोरी नगन्य भन्दै लेखिएको छ । जनादेश सवाददाताले लेखेको समाचार हो यो । समाचारमा आमुख यस्तो थियो , करोडौं नेपाली जनताले रुचाएका प्रधानमन्त्री डा बाबुराम भटराईले नेतृत्व गरेको संयुक्त सरकारले आफनो सय दिन पूरा गरेको छ । करोडौं नेपाली जनता भनी लेखिएको छ । मात्र दुई करोड नेपाली भएको नेपालका भटराई चाहिं करोडौं नेपालीको रुचाएका नेता रे । मानौं दुई करोडको जनसंख्या भएको देशमा चार करोड नेपालीका लोकप्रिय नेता हुन् भटराई । यति वढी अचाक्ली समर्थनमा समाचार छापियो कि मानौ सवै जनताले प्रधानमन्त्री भट्टराई नै मन पराउँछन् ।

यही अंकमा सताविहीनाताको छटपटीमा एमाले भनी एमालेलाई सरकारमा ल्याउन सहयोग पुयाउन समाचार लेखिएको छ । सरकारमा जान कांग्रेसभित्रबाटै दबाब भनी कांग्रेस सभापति शुशिल कोइरालाको फोटोसमेत समाचार राखिएको छ । पत्रिकाको कभर पेज पूरै माओवादीको नेतृत्वमा कांग्रेस र एमालेसहितको राष्टिय सरकार बनाउन सहयोग पुयाउने गरी समाचार तयार पारिएको देखिएको छ । यस्तै जनबादी विद्यालयमा आर्थिक समस्या, विद्यार्थीले खान्छन् कुहिएको दाल भन्ने शीर्षकमा रुकमबाट मेगराज खडकाको समाचारलाई पहिलो पृष्ठमा कलर बनाइ महत्व दिइएको छ ।

यही अंकमा माओवादी अध्यक्ष प्रचण्डदारा एक कार्यक्रममा व्यक्त विचारलाई ठाउँ दिइएको छ भने लुम्विनी भ्रमण वर्षमा बोलेको डा बाबुराम भट्टराईको लेखलाई विशेष स्थान दिइएको छ । यस्तै माओवादी निकटको ईश्वरचन्द्र ज्ञवालीको लेखलाई पनि पूरै पेजमा स्थान दिइएको छ भने माओवादीकै नेता गिरिजामणि पोखरेलको लेखलाई पनि सात पृष्ठमा परै ठाउँ दिइएको छ । यसरी पत्रिका पूरै माओवादीलाई उचाल्न र अन्यलाई थचार्ने खालका समाचार लेख मात्रै राखिएका भेटिन्छन् ।

२७ मंसिर २०६८ यो अंकमा विशेष प्राथमिकता प्रचण्डलाई दिइएको छ । मुख्य समाचार बनाइएको छ  प्रचण्डको । विषय थियो, उनको सकारात्मक कामको । शीर्षक यस्तो थियो, सरकारी सुविधा फिर्ता गर्ने प्रचण्ड पहिलो । यसरी प्रचण्डको राम्रो कामलाई विशेष महत्वका साथ उनको फोटोसहितको समाचार त्यहाँ छापिएको छ ।

माथि एयर प्यानलमा भने सशस्त्रमा यस्तै हुन्छ नौटंकी शीर्षकमा सेनालाई वदनाम गराउनेखाले समाचार लेखिएको छ । अर्को एयर प्यानलमा सेना समायोजन प्रक्रिया सुरु शीर्षकमा समाचार छापिएको छ ।

त्यही अंकमा पाँच कोलमको रिबन शीर्षकमा सरकार अझै शशक्त ढंगले अगाडि  वढ्ने , मजबुत हुँदै माओवादी, सहमति र एकताको पहल तीव्र शीर्षकमा समाचार छापिएको छ । त्यसमा प्रधानमन्त्री भटराई, विजय गच्छेदार, जयप्रकाश गुप्ता, राजेन्द्र महतो जस्ता सरकारमा सहभागी नेताहरुको फोटोहरु पनि प्रकाशित गरिएका छन् । यस्तै पौडेलविरुद्ध अविश्वास प्रस्ताव ल्याउने तयारीमा देउवा शीर्षकमा कांग्रेसभित्रको कलहलाई अगाडि बढाउने खालको समाचार पहिलो पृष्ठमै प्राथमिकताकासाथ राखिएको छ ।

शान्ति र संविधानको अभियानलाई विस्थापित नगर शीर्षकमा सम्पादकीय लेखिएको छ । सम्पादकीयमार्फत नै सरकारको समर्थन र सरकारको कामलाई अवरोध नगर्न सचेत तुल्याइएको छ । यसले मानौ यो स्पष्टत बाबुराम भटराईको पत्रिको हो, वा उसको मुखपत्र हो ।

यस्तै माओवादी पोलिटव्यरो सदस्य अग्नी सापकोटाको अन्तवार्तालाई ठाउँ दिइएको छ । यस्तै महिला सेना गोपनीयता र प्रतिवद्धताका खम्वा शीर्षकमा माओवादी नेतृ हिसिया यमीको लेखलाई विशेष प्राथमिकता दिइएको छ । यद्धकालिन रेडियोका अविष्मरणीय दिनहरु शीर्षकमा निलम आर सीको लेखलाई स्थान दिइएको छ । यस्तै पोष्टबहादर वोगटी (दिवाकर)को लेखलाई पनि प्राथमिकताका साथ राखिएको छ । उनी माओवादी नेता हुन् । पत्रिकाका समाचार पूरै माओवादी पार्टी निकट र त्यसमा पनि तत्कालिन प्रधानमन्त्री डा बाबराम भटराईलाई पक्षपोषण हने खालका समाचार लेखले मात्रै प्राथमिकता पाएको देखियो । मानौ देशमा अरु कुनै

समाचार वा लेख नै थिएनन् । यसरी अरु बाँकी एक महिनाको अंकहरुमा पनि प्रायगरी माओवादी पार्टीका नेताहरु वा कार्यकर्ताहरुको बारेमा प्रष्ट रुपमा व्याख्या गरेको पाईन्छ । अरु पार्टीको बारेमा नराम्रो कुराहरु मात्र उचालेको पाइन्छ । जसले गर्दा यसरी यो साप्ताहिक पत्रिका माओवादीको मुखपत्रको रुपमा लिन सकिन्छ ।

## ४.५ छलफल साप्ताहिक

वर्ष ३० अंक ६ को पत्रिको थियो त्यो । छलफल साप्ताहिक पत्रिकाको छलफल नाम माथि नै विचार र समाचारको जनपक्षीय साप्ताहिक लेखिएको छ । कम्युनिष्टहरुले वढी प्रयोग गर्ने जनपक्षीय शव्दले नै यो पक्कै पनि कम्युनिष्ट समर्थक पत्रिका रहेछ भन्ने अनुमान हुनु स्वभाविक थियो । ३० वर्ष लामो इतिहास बोकेको वर्ष ३० अक ६ को यो अंकको छलफल साप्ताहिकको इयर प्यानलमा एमालेको न्यूजलाई स्थान दिइएको छ । शीर्षक छ, एमाले बैठक । मतलब यसले एमालेको समाचारलाई प्राथमिकता दिएको छ ।

एकपछि अर्को सहमति कार्यान्वयनमा बेवास्ता शीर्षकमा व्यानर न्युज बनाइएको छ । यसमा दलहरुबीच सहमति मात्रै हुने तर त्यो कार्यान्वयन नहुने गरेको तीतो यथार्थ पोखिएको छ । त्यही समाचारमा फेरि दुई बुँदे सहमति भन्दै प्रमुख दलहरुबीच नयाँ सहमति भएको समाचार दुई कोलममा छापिएको छ ।

प्रहरीमा असन्तुष्टी सरुवा प्रकरणमा गच्छेदारको मनोमानी भनी सरकारको आलोचना गरी समाचार छापिएको छ । मतलब तत्कालिन उपप्रधानमन्त्री एवं गृहमन्त्री विजय गच्छदारले मनोमानी रुपमा सरुवा गरेको प्रहरीमा असन्तुष्टी भएको समाचारमा जनाइएको छ । गच्छेदारको फोटोसहितको समाचारमा सरकारको आलोचना गरिएको छ ।

सरकारी खर्च मासिक करोड भन्ने अर्को शीर्षकमा समाचार छापेको छ फ्रन्ट पेजमै । नेपालको इतिहासमै सवैभन्दा वढी प्रधानमन्त्री भटराईले खर्च गरेको सरकारको आलोचनाको समाचार राखिएको छ । बाबुराम मुलुककै लागि पीडा र वर्वाद भएको नाम भनी फोकल प्वाइन्टको स्तम्भमा लक्ष्मण पौडेलको एक्कर समाचारलाई प्राथमिकतामा राखिएको छ । अर्को कीर्तिमान भन्दै प्रधानमन्त्री फर्कैपछि कीर्तिमान भन्दै प्रधानमन्त्री भट्टराई फर्केर जम्वो मन्त्रीमण्डल बनाएको र अपराधिक क्रियाकलापका मन्त्री मनोनयन गरेको उल्लेख छ । लेनदेनमा सचिव सरुवा भन्दै

सरकारले सरुवा वढुवा योग्यता, क्षमता, कार्यकुशलताको आधारमा नभई लेनदेन र भनसुनको आधारमा गरेको उल्लेख छ । ठूलो साइजमा कार्टुन थियो यो अंकमा । त्यसमा इतिहासमै ठूलो सरकार बनाई राज्यकोषमाथि लुट मच्चाएको देखाइएको छ । जम्बो मन्त्रिमण्डल, २७ लाखको चियापान, आम माफी, विपा भनी त्यहाँ राखिएको छ । यसरी हेर्दा पूरै कभर पेज सरकारको विरुद्ध केन्द्रित देखिन्छ भने एमालेको बैठकसम्मको समाचार छाप्न भ्याएको छ ।

सम्पादकीयमा पनि भटराई सरकारकै अलोचना गरिएको छ । भटराईको कीर्तिमानी शीर्षकमा इतिहासमै ठूलो सरकार बनाई राज्यकोषमाथि ब्रम्हलुट गरेको र मासिक एक करोड जम्बो मन्त्रिमण्डलले गरेको विचार पोखिएको छ । बाबुराम प्रचार र असफलता शीर्षकमा लक्की चौधरीको लेख छापिएको छ । पाठक पत्रमा पनि प्रमको सक्कली रुप देखियो भन्दै अलोचना गरिएको छ । यसरी विचार पृष्ठ पनि पूरै सरकारको विरुच ओर्लिएको छ कि पाठकपत्रसम्म ।

तीन पेजमा जनमोर्चा नेपालका नेता चित्रबहादुर केसी फुल पेज अन्तर्वार्ता छ । तलब अपार सहरमा पानीको हाहाकार भन्दै समाचार छापेको छ। अफ्रिकाका संघीय राज्यका अनुभबहरु शीर्षकमा राजेन्द्र श्रेष्ठको आर्टिकल छापिएको छ । श्रेष्ठ एमाले नेता हुन् । राज्यका कर्मचारीमा सरुवा आतंकको अर्को समाचार पनि छापिएको छ । साथै मिडियामा वर्ग संघर्ष भन्दै एमाले समर्थित ललितपुरका पत्रकाकारको लेख छापिएको छ । बालुवा चोरी भनी काठमाडौंको समस्या पनि यसैमा छापिएको छ ।

११ मंसिर २०६८ अंकको छलफलमा सहमतिको सरकार किन वन्दैन भने प्रश्ने शीर्षक राखेर प्राथमिकताका साथ समाचार छापिएको छ । प्रधानमन्त्री डा बाबुराम भटराईको नेतृत्वमा रहेको सरकार छोटो अवधिमा नै असफल बन्न पुगेको छ । सरकारका क्रियाकलाप र गतिविध एकपछि अर्को गर्दै आलोचित वन्दै गएपछि भटराई सरकारको विकल्प खोजिन थालिएको छ । मितव्ययी सरकारको नाममा मुस्ताग गाडीबाट थालनी गरेको प्रधानमन्त्री भटराईको यात्रा जम्बो सरकारको गठनसँगै अन्त्य भएको विश्लेषण गर्न थालिएको छ भनी लेखिएको छ । समाचारमा डा भटराईको सरकार असफल भएको र छिटो नयाँ सरकार गठन गर्नुपर्ने तर्क राखिएका छन् । समाचार पढ्दै गर्दा यो समाचार हो कि दबाब कन्फ्युजन भयो ।

पहिलो पृष्ठमै पार्टीमा एकता एमालेमा गुटवन्दी अत्यको तयारी शीर्षकमा एमाले अध्यक्ष झलनाथ खनालको फोटोसहितको समाचार प्राथमिकताकासाथ छापिएको छ । समाचारमा बुटवलमा सम्पन्न एमालेको आठौं राष्टिय महाधिवेशनमा पार्टीभित्रको गुटवन्दी नेताहरुले तिनाउ नदीमा बगाएको घोषणा गरे पनि वढेको गुटवन्दी अत्यको तयारीमा रहेको उल्लेख छ । यही पेजमा मन्त्रीहरुको अनियमितता छताछुल्ला शीर्षकमा प्रधानमन्त्री बाबुराम भटराईको नेतृत्वमा रहेको सरकारका मन्त्रीहरुले अनियमितता गरेको भन्दै सकारलाई वदनाम गराउने प्रयाससहितको समाचार छापिएको छ । साथै कांग्रेस विभाजनको तहमा भनी कांग्रेसलाई फुटाउन प्रयास गर्ने खालको समाचार पनि प्राथमिकताकासाथ छापिएको छ । यो पेजमा सरकार ढाल्ने, एमालेलाई मजबुद बनाउने अनि कांग्रेसलाई टुक्रा पार्ने मनसायसहितको समाचार छापिएको देखिएको छ ।

विचार पृष्ठमा सहमतिको सरकार देउ शीर्षकमा सम्पादकीय लेखिएको छ । साथै पृष्ठ तीनमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्रज्ञा सदस्य ओम खत्रीको अन्तर्वार्ता छापिएको छ ।

पृष्ठ पाँचमा मूल्य बृद्धि आकासियो सरकार रमिते जनताको दैनिकी कष्टकर शीर्षकमा फोटोसहितको समाचार प्रकाशित गरिएको छ । समाचारले भटराई सरकारले महँगी नियन्त्रण गर्न नसकेको र असफल सरकार भएको आशय प्रकट गरिएको छ ।

१८ मंसिर २०६८, राष्टिय सरकार निर्माणमा दलहरुको ध्यान केन्द्रित शीर्षकमा मुख्य समाचार बनाइएको छ । यो अंकको समाचार पनि सता केन्द्रित नै देखिएको छ । राष्टिय सरकार गठन गर्नुपर्ने र त्यसका लागि दलहरु तयार रहेको समाचारमा उल्लेख गरिएको छ । समाचारमा लेखिएको छ, सुसासन कायम गर्ने उदघोषका साथ प्रधानमन्त्री भएका डा बाबुराम भटराई सुसासनले होइन, कुसासनले चर्चित बन्न थालेको उल्लेख छ । संविधानसभाको कार्यतालिका पनि यसै समाचारभित्र बक्समा राखिएको छ ।

साथै लडाकुमा भ्रष्टाचार शीर्षकमा छोटकरी मुख्य समाचार यसै पृष्ठमा छापिएको छ । मन्त्रीका भ्रष्टाचारका अनेक रुप, खाद्य संस्थान मन्त्रीको खेल मैदान, कृषिमा प्रचण्डको खुला हस्तक्षेप आदि जस्ता सरकारलाई बदनाम गराउने आशयका समाचारहरु यस पृष्ठमा छापिएका छन् ।

पहिलो पृष्ठमै कोषको रकममा माओवादी मस्ती दुरुपयोग रोक्न जानेमाथि प्रहरीको लाठी भन्दै युथ फोर्सका अध्यक्ष महेश वस्नेतको फोटोसहित एमाले भातृ संगठन युथफोर्सको तारिफ समाचारमा गरिएको छ । एमालेको जनपरिचालन अमियान शीर्षकमा एमाले जनपरिचालनमा जाने सामान्य समाचारलाई पनि पहिलो पृष्ठमै प्राथमिकताका साथ राखिएको छ ।

पृष्ठ दुईमा अनावश्यक विवाद वन्द गर भनी सम्पादकीय लेखिएको छ । सम्पादकीयमा सहमति भन्दा अनावश्यक विवाद बढी नेपालका राजनीतिक पार्टीहरुमा विद्यमान देखिएकोले यस्तो वन्द गर्नुपर्ने उल्लेख छ । शान्ति प्रक्रिया टुंगोमा पुयाउनुपर्ने जोड सम्पादकीयमा गरिएको छ ।

बाबुराम भटराईको ग्ल्यामर सकिएको छ शीर्षकमा एमाले नेता माधवकुमार नेपालको अन्तवार्तालाई फुल पेजमा राखिएको छ । टीबी थापा विरहीले गरेको यो अन्तर्वार्तामा माओवादी सरकारविरुद्ध लक्षित छ । प्रश्न गराईमै आरोप लगाइएको छ । सोधिएको छ, डा भटराईले भ्रष्टाचारी र अपराधीलाई संरक्षण गरेको आदि इत्यादि आरोप लगाइएको छ, के भन्नुहुन्छ ? प्रश्न गराई पढ्दा नै आश्चर्य लाग्दो कि पत्रकार आफैंसँग पर्याप्त प्रमाण छ कि भटराई सरकार भ्रष्टाचारी र अपराधीलाई बचाउने लागेको छ ।

पत्रिकाको एउटा पेजमा पार्टी सुदृढीकरण तथा जनपरिचालन अभियान भनी एमालेका गतिविधिका छापिएका छन । साथै वितीय संस्था बेथिति कृषिमा प्रचण्डको खुल्ला हस्तक्षेप भनी माओवादी हस्तक्षेप गरेको सोभित थपलियाको लेख छापिएको छ । अर्को पृष्ठमा राजेन्द्र श्रेष्ठको लेख छापिएको छ । श्रेष्ठ एमाले नेता हुन् ।

२५ मंसिरको अंकमा मुख्य समाचार पनि सता केन्द्रित नै छ । सरकारविरुद्ध नै छ । सरकारका सय दिन उपलव्धीविहीन शीर्षकमा समाचार लेखिएको छ । त्यसमा प्रधानमन्त्री डा बाबुरम भटराईको फोटो पनि छापिएको छ । मितव्ययी र सुसासनको नारा दिएका गठन भएको सरकार उपलव्धीविहीन भएको कुरा समाचारमा उल्लेख छ । पाँच कोलमा राखेर ठूलो महत्वकासाथ छापिएको समाचार लामो भएर पृष्ठ आठमा जम्पसमेत गरिएको छ ।

अर्को दुई कोलमको समाचारमा माओवादी नेता हिसिला र पम्पाको रमिते भनी छापेको छ । समाचारमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडका सञ्चालक समतिको पदाधिकारीमा आफनो मान्छे राख्न नेतृदयले कसरत गरेको उल्लेख छ ।

यसै पृष्ठमा देउबाको सेर गर्जन भन्दै कांग्रेसको समाचार छापेको छ । काग्रेस नेता देउवाको फोटोसहित छापिएको यो समाचारमा देउबाको वर्चस्व रहेको नेविसंघ विघटन गरेपछि देउवा गर्जेको उल्लेख छ । यसले कांग्रसभित्र कलह भएको देखाउन खोजेको छ । परिषदमा मन्त्रीको लुट भन्दै डा भटराईसरकारविरुद लेखिएको छ । लेखिएको छ , प्रधानमन्त्री डा बाबुराम भटराई सरकार भ्रष्टहरुको सकारको रुपमा चर्चित हुन थालेको छ ।

पृष्ठ दुईमा सशासनमा चुकेको यो सरकार शीर्षकमा लक्की चौधरीको लेख छापिएको छ । प्रधानमन्त्री भटराईले आशा गरेअनुसार काम गर्न नसकेपछि चौतर्फी उनको आलोचना सुरु भएको हाइलाइट गरिएको छ ।

पृष्ठ तीनमा एमाले महासचिव ईश्वर पोरलेको अन्तवार्तालाई पूरै पृष्ठमा ठाउँ दिइएको छ । टीबी थापा विरहीले नै लिएको अन्तवार्तामा सरकार राजनीतिक र नैतिक हिसावले केयरठेकर भएको छ शीर्षक राखिएको छ । उनको फोटोसहितको अन्तर्वाता त्यसमा छापिएको छ ।

यसरी बचाए युवाले राज्यकोषमाथिको ब्रम्हलुट शीर्षकमा सोभित थपलिया लेख्छन्, राज्यकोषमाथि माओवादीले चालएको लुट युवा संघको आन्दोलनका कारण रोखिएको छ । समाचारमा माओवादीले राज्यकोष लुटेको र त्यसलाई एमाले युवा संगठनले रोकेर बहादुरीको काम गरेको आशय छ । पत्रिकामा एमाले विद्यार्थीले ज्ञापनपत्र बुझाएको समाचारलाई पनि अन्तिम पृष्ठटमा प्राथमिकताका साथ राखिएको छ । यसरी छलफल साप्ताहिक प्रत्रिकामा प्रायजसो एमाले पार्टीको राम्रो कुराहरु मात्र राखेको पाईन्छ । जसले आफ्नो कुरा मात्र सही भनेर राख्छ उसले अरुको भावना कदर गर्न सक्दैन । यस्तै आभास हुन्छ यी पत्रिका पढिसके पछि ।

## ४.६ समग्रमा

**देशान्तर, जनादेश र छलफलको विषयबस्तु विश्लेषणका क्रममा भेटिएका तथ्यहरु :**

क) यी तिनै पत्रिकाका विषयबस्तु हेर्दा ती पत्रिकाहरु राजनीतिक पार्टी निकटका

हुन् । त्यसको अर्थ हो जनादेश माओवादीको पत्रिका हो । देशान्तर काँग्रेसको पत्रिका हो भने छलफल एमाले निकटको पत्रिका हो । यो कुरा यसमा छापिएका मिडिया कन्टेन्टबाट पुष्टि हुन्छ र सर्वेक्षणबाट थाहा पाउन सकिन्छ ।

ख) पार्टीले निकालेको भनेर ठाडै मुखपत्र नभनेको भए पनि सत्यता यही हो कि 'स्वतन्त्र, पत्रकारिताको बर्को ओडेर पार्टी पार्टीकारिता' गरिँदै छ उनीहरु । उनीहरु पत्रकारिताको नाममा पर्चाकारिता गर्दैछन् ।

ग) पार्टी विरुद्धका मिडिया कन्टेन्टले (समाचार, लेख, विचार, अन्तर्वार्ता, तस्वीर) ले यिनमा प्रवेश पाएका छैनन् र पाउने सम्भावनासमेत देखिदैन ।

घ) विरोधी विचारलाई सम्मान गर्न यी पत्रिकाहरु सक्दैनन् । यिनका सम्पादक त्यसो गर्न/गराउन असमर्थ छन् र गर्न चाहँदैनन् पनि ।

ङ) विषयबस्तु विश्लेषणको निचोड यही हो कि यी तीन साप्ताहिकमा व्यवसायिकता भन्दा मिसन पत्रकारिता भएको छ । यहाँ मुख्यतया 'पर्चाकारिता' को चरित्र व्यापक छ ।

च) यी पत्रिकाहरुमा सिधै पार्टीका घोषणापत्रमा आए गरेका धारणा, व्यक्तिगत धारणा बनेर छापिएका देखिन्छन् । पार्टीभन्दा अलि भिन्न ढंगले सोच्न सकिन्छ र त्यस्ता समाचारहरुलाई पनि प्राथमिकता दिनुपर्छ भन्ने मान्यता विरलै पाइन्छ ।

छ) देशभन्दा बढी पार्टीको ख्याल गरिएका र 'हित' गरिएका लेखहरु छापिएका छन् । लेख/रिपोर्टमा चाकडी, र चाप्लुसी प्रष्टिएका छन् ।

ज) पार्टीभित्रकै कुनै एक धारको प्रतिनिधित्व गर्ने यी पत्रिकाले, यद्यपि आफ्नो पार्टीको फरक धारलाई चिड्याउने भन्दा पनि मिलाएर लैजाने प्रयास गरेका छन् ।

झ) पत्रिकाका समाचाहरु वढी सता केन्द्रित देखिएका छन् । आफ्नो राजनीतिक पार्टीलाई सतामा राख्ने रअरुलाई फाल्नेउद्देश्यका समाचारहरुलाई प्राथमिकतामा राखेको भेटिएको छ ।

ञ) पार्टीको मुखपत्रको भूमिकामा रहेपनि कुनै समूह विशेष वा नेता विशेषको पक्षपोषण गरेको भेटिन्छ ।

त) यिनीहरु मिसन जर्नालिज्मप्रति उद्दत देखिन्छन् ।

थ) यिनीहरु वकालती पत्रकारिता पनि गर्दैछन् ।

अध्याय - ५

# ५. निष्कर्ष/सुझावहरु (Conclusion and Recommendations)

## ५.१ निष्कर्ष

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुमध्ये धैरैले राजनीतिक विषयबस्तुमा लेख्ने गरेका छन् । राजनैतिक विषयमा लेख्दा तिनको समर्पण (Devotion) कुनै एक दर्शन, विचार, पक्ष, पार्टी वा सँस्थासँग हुने गर्दछ । पत्रकारहरु 'रिपोटिङ्ग' गर्दैनन् । साप्ताहिक ट्याब्लोइड पत्रिकामा उनीहरु 'विचार छिराउने रिपोटिङ्ग' या 'आफूलाई मन पर्ने गरी तथ्य बंग्याउने रिपोटिग) गर्छन् अनि पत्रिकासम्म आइपुग्दा त्यो हनुमान 'पत्रकारिता'मा रुपान्तरित हुन जान्छ । आफ्नो पक्ष सदैव सही, सत्य, ठिक, जिम्मेवार, निर्विकल्प, बरिष्ठ, ठूलो र लोकप्रिय देख्ने चिन्तन छ, साप्ताहिक पत्रिकाका पत्रकार र सम्पादक । यसका कारण विरलै आफ्ना कमी कमजोरी र गल्तीका विषयवस्तु राजनैतिक दलहरु 'आफ्ना मिडिया'मा ल्याउँछन् । उनीहरु आफ्नै कुरा मात्रै सही, सत्य, ठीक ठान्छन् । त्यही कारण आफूहरुले गरिरहेको पत्रकारितालाई उत्कृष्ट पत्रकारिताको संज्ञा दिन पनि पछि हट्दैनन् ।

अध्ययनले देखाएको छ कि साप्ताहिकमा ७६% समाचार/लेख त नकारात्मक शैलीको मात्रै छापिन्छन् । त्यसको अर्थ हो 'एकपक्षीय' यी छापाहरु सधैं अरुको बद्ख्वाँई गर्छन् । अर्को पक्षको क्रियाकलापलाई गलत देख्छन् तथा गलत रुपमा लेख्छन् । विरोधी पक्षको तेजोबध गर्ने, सकेसम्म उसका नकारात्मक पक्षमात्रै खोतल्ने, सकारात्मक दृष्किोणभित्र पनि नकारात्मक खोज्ने प्रवृत्ति मात्रै अनुभव गरिन्छ । यहाँ नेगेटिभ ईज न्यून भन्ने न्यूजको परिभाषा चरितार्थ भएको देखिन्छ ।

अध्ययन सर्वेक्षणले के पनि प्रष्ट पारेको छ भने अध्ययनपूर्व गरिएको आशंका धेरै हदसम्म पुष्टि भएको छ । अध्ययनकर्ताको अनुमान के थियो भने बजारमा उपलब्ध साप्ताहिकहरु एकपक्षीय प्रचारक नै हुन् भने प्रश्नावली भराउने क्रममा पनि यस्तै उत्तर पाइएको थियो ।

एकपक्षीय खबर सम्प्रेषण गरेको अवस्थालाई पाठकहरु प्रोपागान्डा ठान्दा रहेछन् ।

पत्रिकामा छापिएका विचार/लेखहरुको गहिरो अध्ययनपश्चात प्राप्त कुराहरु वास्तवमै सबैभन्दा धेरै मूल्यवान देखिएका छन् । अध्ययनका क्रममा समेटिएका पत्रिकामा छापिएका लेख/कविता र विचार सम्बन्धी विषयबस्तु अध्ययनबाट यी कुराहरु प्रष्ट भएका हुन् ।

क) उल्लेखित तीनवटै पत्रिका कुनै पार्टीको प्रष्ट या देखिने रुपमा गृहप्रकाशन होइनन् । यिनीहरु कुनै पनि पार्टीका मुखपत्रहरु भने होइनन् । कहीँ कतै पार्टीबाट संचालित भनेर उल्लेख नभएका यी पत्रिकाहरु अन्ततोगत्वा कुनै पार्टी कै लगानीमा चलिरहेछन् भन्ने विश्वास गर्न गाह्रो भएन ।

ख) यी पत्रिकामा पार्टीका कार्यकर्ता, शुभेच्छुक, समर्थक र नेताका मात्रै मत, विचार र रिपोर्ट छापिन्छन् । कम मात्रामा मात्र अरु दलका व्यक्तिसंग विचारलाई समावेश गरिएको छ ।

ग) यी पत्रिकाहरु कहिल्यै पनि आफ्नो पक्षको नकारात्मक पाटो बाहिर ल्याउन चाहदैनन्/सक्दैनन् । जे चिज छापिदिए पनि कार्यकर्ता/पाठकले पढिहाल्छन् भन्ने धारणा छ । यी पत्रिकाका सम्पादक प्रकाशकहरुलाई आफूले लेखेको कुरा सही, सत्य, ठिक छ र संस्कारको सत्य नै यही हो भन्ने मान्यता पनि छ । गोपालथपलिया

घ) यस हिसाबले यी पत्रिकाहरुका पाठकहरुमध्ये अधिकांश त्यही विचारसँग मिल्ने हुनुपर्छ र विरोधीको विचार बुझ्न् चाहने केहीले मात्रै आफ्नो विचारसँग नमिले पनि यी पत्रिकाहरु पढ्ने गरेको हुनुपर्छ ।

## ५.२ सुझावहरु

### व्यावसायिकता

- व्यावसायिक साप्ताहिक पत्रिकाहरुले आफ्नो लक्ष्य स्पष्ट गर्नु जरुरी छ ।

### स्पष्टता :

- विगतदेखि नै व्याख्या हुँदै आएको 'मिसन पत्रकारिता' या व्यवसायिक पत्रकारिता गर्ने ? साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादकहरु स्पष्ट हुनुपर्छ । त्यसो गर्नु पुर्व अबको 'मिसन' के हुने भन्ने बारेमा जानकारी पनि दिनुपर्छ ।

## सत्यपन :

- जनतालाई तिनले साँचो कुरा भन्नुपर्छ । पत्रकारिताको आवरणमा 'पर्चाकारिता' गर्नुहुन्न ।

## विचारको मर्यादा :

- व्यवसायिकता अँगाल्नु भनेको सवै विचारलाई ग्राह्य हुने गरी सुन्नु र सुनाउनु हो । पार्टीका 'प्रचार विभाग'ले छाप्नु पर्ने चिज, स्वतन्त्र रुपमा दर्ता गरिएका पत्रिकाका नामबाट छाप्न छोड्नु पर्छ ।

## पारदर्शिता :

- गलत कार्यलाई ढाकछोप गर्ने, आफ्नो पक्षलाई उचाल्ने प्रवृत्तिलाई पूर्णरुपमा बन्द गर्नुपर्छ । यसो गर्दै गएमा यो व्यवसायिक पनि बन्दछ र आम पाठकको विश्वास पनि जित्न सकिन्छ ।

## व्यावसायिकताको ज्ञान :

- व्यवसायिक पत्रकारिताको ज्ञान पत्रकारितामा संलग्नहरुतर्फ पनि पुऱ्याउनु पर्छ ।

## व्यक्तिगत स्वतन्त्रता :

- पत्रकारहरुले पार्टीको सदस्यता लिने र पार्टीको विभिन्न निकायमा काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ ।

## गैर राजनीतिक अबधारणा :

- साप्ताहिक पत्रिकाहरुमा राजनीतिको तुलनामा अरु विषयमा समाचार/लेख लेख्नेहरुको कमी छ । समाजमा कायम रहेका अन्य आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका पक्षमा पनि समाचार लेख्न प्रोत्साहन गर्नुपर्छ ।

## विषयगत प्राथमिकता :

- विषयगत आधारमा समाचार/लेख लेख्ने कार्यलाई प्राथमिकताकासाथ अघि बढाउन जरुरी छ ।

निष्पक्ष हुन प्रोत्साहन :

- सम्पादक तथा प्रकाशकले संवाददाता/विशेषज्ञ र लेखकलाई निष्पक्ष तथा बस्तुगत भएर समाचार संकलनलाई प्रोत्साहित गर्नुपछ न कि आग्रह र पूर्वाग्रहका आधारमा ।

तथ्यमुखी :

- सनसनीपूर्ण खवर लेखेर पत्रिका बिकाउनेभन्दा पनि 'तथ्यमुखी' भएर पाठकमाझ यी पत्रिकाहरुले विश्वसनियता हाँसिल गनुपर्छ ।

पक्ष/विपक्ष लिने :

- सत्य समाचार छ भने जुनसुकै पक्षको दिने र गलत रहेछ भने रोक्ने काम गर्नुपर्छ ।

स्वसमीक्षा जरुरी :

- अरुको बारेमा आलोचना गर्ने र विश्लेषण गर्नुभन्दा पनि आफ्नो पत्रिकाकोबारेमा उनीहरुले समीक्षा गर्नु जरुरी छ ।

# सन्दर्भ सामग्रीहरु (References)


कँडेल, शुभशंकर । नेपाली पत्रकारिता । पैरबी प्रकाशन ।

कार्की, विपेन्द्र । साप्ताहिक पत्रिकाको अधोगति । *पत्रकारिता,* (असार/साउन) पृ.२४-२५ ।

खनाल, चिरञ्जीवी । साप्ताहिक समाचारपत्रका चुनौतीहरु । *खबर (पुष-फागुन)* पृ.६-९ ।

खनाल, चिरञ्जीवी । नेपाली साप्ताहिक समाचारपत्रका वर्तमान चुनौतीहरु । *गतिविधि,* १ असोज,)

खनाल, उज्ज्वल । आमसञ्चार तथा पत्रकारिता । लुम्बिनी प्रकाशन ।

आचार्य, भानुभक्त । आमसञ्चार र पत्रकारिता अध्ययन । प्रधान बुक हाउस ।

अधिकारी, निर्मलमणि । आमसञ्चार र पत्रकारिता । प्रशान्ति प्रकाशन ।

गाउँले, शिव । दुब्लाउँदै गएका साप्ताहिक पत्रिकाहरु । *खबर* (पुस-फागुन) पृ. ३-५।

चालिसे, विजय । समाचार संकलन तथा सम्पादन । साझा प्रकाशन ।

अधिकारी, ध्रुवहरि । साप्ताहिक पत्रिकाको भावी दिशा । *नेपाल जागरण,* २७ जेठ, पृ.४ ।

गौतम, राजाराम र मुकुल हुमागाईं । महान् मिडिया क्रान्ति । *नेपाल* साप्ताहिक, ३ साउन, पृ. २४-३१ ।

घिमिरे, सोमनाथ । साप्ताहिक पत्रिकाका समस्या र भविष्य । *पत्रकारिता* (कार्तिक-मंसिर) पृ. २९-३१ ।

ढुङ्गाना, दमननाथ । साप्ताहिक पत्रिकाका चुनौती र सम्भावना । *गतिविधि,* २० जेठ, पृ. ३ ।

देवकोटा, गृष्मबहादुर । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास ।* काठमाडौंः साझा प्रकाशन ।

नेपाल, किशोर । *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म* । काठमाडौंः व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

नेपाल, प्रदीप । अखबारलाई महाधिवेशन लागेर के हुन्छ र ? *दृष्टि,* ३ भदौ, पृ. १/८

पाण्डे, युवराज, सं. । *नेपाली पत्रकारिताको विकासक्रम* । काठमाडौंः नेपाल प्रेस काउन्सिल ।

प्रेस काउन्सिल नेपाल । ०६८ । *प्रेस काउन्सिल नेपाल ३६ औं वार्षिक प्रतिवेदन* । काठमाडौंः प्रेस काउन्सिल नेपाल, असोज ।

*बहुलवादी नेपाली समाजमा आमसंचार* । २०५४ । काठमाडौंः पत्रकारिता विभाग त्रिविवि र फेडरिक इवर्ट स्टिफ्टुङ ।

रेग्मी, शिव र पी. खरेल । २०५८ । *नेपालमा आमसंचारको विकास* । काठमाडौंः नेपाल आमसंचार प्रशिक्षक संघ

वन्त, प्रत्यूष । २००४ (२०६१) । मिडिया र उदार प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं, पृ. ५७५-५९६ । काठमाडौंः सोसल साइन्स बहाः ।

शर्मा, मुक्तिनाथ । २०५९ । नेपालमा साप्ताहिक पत्रिकाको अवस्था । *घटना र विचार,* १२ असार, पृ. ६ ।

साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल । ०६३ । *लोकतन्त्र स्मारिका* । काठमाडौं : साप्ताहिक पाक्षिक राष्ट्रिय सञ्जाल, जेठ ।